संचालक समितिका सदस्यसँगको कारोबार

विवरण	यस वर्षको	गत वर्षको
बैठक भत्ता	९९,०००.००	६५,०००.००
अन्य सुविधा(भ्रमण भत्ता)	-	-
अन्य सुविधा(पेश्की)	-	-
जम्मा	**९९,०००.००**	**६५,०००.००**
ऋण कर्जा तथा अन्य पाउनुपर्ने	२,४००,०००.००	७५०,०००.००
मिनाहा गरिएको पाउनुपर्ने तिर्नुपर्ने	-	-

मुख्य व्यवस्थापनका सदस्यहरूसँगको कारोबार

विवरण	यस वर्षको	गत वर्षको
बैठक भत्ता	२४,०००.००	१६,०००.००
अन्य सुविधा(तलब तथा भ्रमण भत्ता)	४७३,०५९.३९	४६१,११९.७२
अन्य सुविधा(पेश्की)		-
जम्मा	**४९७,०५९.३९**	**४७७,११९.७२**
ऋण कर्जा तथा अन्य पाउनुपर्ने		-
मिनाहा गरिएको पाउनुपर्ने तिर्नुपर्ने	-	-

११) **प्रतिवेदन मिति पछिका घटना**

प्रतिवेदन मिति पछिका घटना भन्नाले त्यस्ता अनुकल तथा प्रतिकुल घटनाहरू पर्दछन, जुन प्रतिवेदन मिति र वित्तीय विवरणको प्रकाशनका लागि अधिकार प्रदान गरिएको मितिको बिचमा आईपर्दछन । वित्तीय विवरणमा समायोजन तथा खुलासा आवश्यक हुने कुनै त्यस्ता परिस्थितिहरूको प्रतिवेदन मितिपछि सिर्जना भएन ।

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट

२९ **आ.ब.२०७९।८० आषाढ मसान्तको वित्तिय अवस्थाको विवरण (वासलात) मा NFRS For SMEs लागु गर्दा फरक भएको समायोजन विवरण**

विवरण	टिप्पणी	GAAP अनुसार	NFRS For SMEs समायोजन	NFRS For SMEs अनुसार
सम्पत्ति				
नगद तथा नगद समान		१३,३८९,६२४.२६	-	१३,३८९,६२४.२६
सदस्यलाई दिएको ऋण सापटी	१	६१,३१४,६५४.००	१३०,५३३.००	६१,४४५,१८७.००
लगानी हिसाब		१,३२०,०००.००	-	१,३२०,०००.००
आयकर सम्पत्ति	२	-	२५,७५१.१३	२५,७५१.१३
सम्पत्ति तथा उपकरण		६,१६०,९१८.४३	-	६,१६०,९१८.४३
अन्य सम्पत्ति	३	१७४,२१५.१५	(११०,१०५.१३)	६४,११०.०२
जम्मा सम्पत्ति		**८२,३५९,४११.८४**	**४६,१७९.००**	**८२,४०५,५९०.८४**
दायित्व				
सदस्यबाट निक्षेप	४	५५,८६४,५८७.२३	(१,७८८,६०३.००)	५४,०७५,९८४.२३
कर्मचारी लाभ दायित्व	५	-	१,७८८,६०३.००	१,७८८,६०३.००
कर्जा नोक्सानी व्यवस्था	६	३,२६४,२९६.००	(३,२६४,२९६.००)	-
अन्य दायित्व	७	२०४,२३७.५८	३,३९४,८२९.००	३,५९९,०६६.५८
आयकर दायित्व	८	८४,३५४.००	(८४,३५४.००)	-
जम्मा दायित्व		**५९,४१७,४७४.८१**	**४६,१७९.००**	**५९,४६३,६५३.८१**
इक्विटी				
शेयर पुँजी		१६,७६१,२००.००	-	१६,७६१,२००.००
साधारण जगेडा कोष		४,२९४,७३०.३८	-	४,२९४,७३०.३८
अन्य कोषहरु		१,८८६,००६.६५	-	१,८८६,००६.६५
जम्मा इक्विटी		**२२,९४१,९३७.०३**	**-**	**२२,९४१,९३७.०३**
जम्मा दायित्व तथा इक्विटी		**८२,३५९,४११.८४**	**४६,१७९.००**	**८२,४०५,५९०.८४**

टिप्पणी:१: सदस्यलाई दिएको ऋण लगानीमा कर्जा नोक्सानी व्यवस्था घटाइ अशुल गर्नुपर्ने ब्याज रकम जोडेर देखाइएकाले ।
टिप्पणी:२: अग्रिम आयकरलाई अन्य सम्पत्तिबाट आयकर सम्पत्तिमा बर्गीकरण गरि आयकर दायित्व घटाएर देखाइएकाले ।
टिप्पणी:३: अन्य सम्पत्तिबाट अग्रिम आयकर लाई आयकर सम्पत्तिमा बर्गीकरण तथा अशुल गर्न बांकी ब्याज रकममा ब्याज मुल्तवीमा नघटाइ देखाइएकाले ।
टिप्पणी:४: कर्मचारी संचयकोष बचत रकम लाई सदस्य निक्षेप बचत बाट घटाई कर्मचारी लाभ दायित्व शिर्षकमा देखाइएकाले ।
टिप्पणी:५: कर्मचारी संचयकोष रकम कर्मचारी लाभ दायित्व शिर्षकमा देखाइएकाले ।
टिप्पणी:६: कर्जा नोक्सानी व्यवस्थालाई ऋण लगानीमा नै समायोजन गरि देखाइएकाले ।
टिप्पणी:७: चालु दायित्वमा ब्याज मुल्तवी रकम जोडेर देखाइएकाले ।
टिप्पणी:८: आयकर सम्पत्तिमा आयकर दायित्व घटाएर देखाइएकाले ।

SAPKOTA & ASSOCIATES 4462 REGISTERED AUDITOR BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

श्रम, बचत, सहकार्य, उत्पादन वृद्धि अपरिहार्य

द.नं. २५८/०६५/०६६

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.

विदुर-४, नुवाकोट

प.सं.: ०८१/८२
च.नं. : २१

मिति : २०८१/०७/२८

विषय : १६ औं वार्षिक साधारण सभामा अनिवार्य सहभागी हुने सम्बन्धमा ।

श्री शेयर सदस्य ज्यू,

उपरोक्त बिषयमा, यस संस्थाको मिति २०८१ कार्तिक २१ गते बुधवार बसेको संचालक समितिको बैठकको निर्णय अनूसार यस संस्थाको "१६ औं वार्षिक साधारण सभा" निम्न, मिति, समय र स्थानमा हुने भएकोले यहांको अनिवार्य उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

साधारण सभामा छलफल गर्ने विषयहरू :

- संचालक समितीको तर्फबाट अध्यक्षको प्रतिवेदन सम्वन्धमा।
- कोषाध्यक्षको तर्फबाट आ.व. ०८०/०८१ को आयव्यय र ०८१/०८२ को अनुमानित बजेट, नीति तथा कार्यक्रम सम्वन्धमा ।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
- आ.व. ०८१/०८२ को लागि लेखापरिक्षकको नियूक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा।
- संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
- प्रस्तावित शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
- साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधी छनौट सम्वन्धमा।
- संस्थाको उद्धेश्य मिल्ने सहकारी संस्थाहरुसंग संस्था एकिकरण गर्ने अख्तियारी दिने सम्बन्धमा ।
- आ.ब. ०८०/०८१ को खर्च अनुमोदन सम्वन्धमा ।
- विविध सम्वन्धमा।

मिति : २०८१ मसिर २९ गते शनिबार
समय : विहान १०:३० बजे
स्थान : रानीमौरी ब्याङक्वेट, विदुर-४, बट्टार

(नोट : यस सभामा शेयर सदस्यहरु मध्येमा SEE परीक्षामा उकृष्ट अंक ल्याई उतिर्ण हुने छोरा १/ छोरी १ जनालाई सम्मान एवं पुरस्कार प्रदान गरिने हुँदा ७ दिन अगावै प्रमाणहरु पेश गर्नुहुन अनुरोध छ। साथै सहकारी ऐन २०७४ को दफा ३४ को उपदफा १ को (ख) मा भएको व्यवस्था बमोजिम संस्थाको बार्षिक साधारण सभामा विना जानकारी लगातार ३ पटक सम्म अनुपस्थित भएमा संस्थाको सदस्यता खारेज हुने व्यवस्था भएकोले अनिवार्य उपस्थित हुनुहुन अनुरोध छ।)

(सम्पर्क नंम्वर:010-561669, 9841089797, 9843029899, 9841086619, 9841838784)

संचालक समितिको आज्ञाले,

रामप्रसाद प्याकुरेल
सचिव

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिदुर ४, नुवाकोट

१६ औ बार्षिक साधारण सभामा अध्यक्ष श्री ईन्द्रमणी गैरे बाट प्रस्तुत बार्षिक प्रतिबेदन

२०८१ मंसिर २९ गते

यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.को १६ औँ वार्षिक साधारण सभामा आफ्नो अमुल्य समय दिई हाम्रो आतिथ्यता स्विकार गरि पाल्नुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा सुपरिक्षेण समिति संयोजक तथा सदस्यज्युहरु, सल्लाहकार समिति संयोजक तथा सदस्यज्युहरु, ऋण उपसमिति संयोजक तथा सदस्यज्युहरु, संस्थाको संस्थापक अध्यक्ष तथा पदाधिकारी ज्युहरु, पुर्व अध्यक्ष तथा पदाधिकारी ज्यूहरु, शेयरधनी महानुभावहरु, क्रियाशिल कर्मठ कर्मचारी साथीहरु, पत्रकार मित्रहरु एवं संस्थालाई प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण महिला तथा सज्जनबृन्दहरुलाई संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारिताको हार्दिक अभिवादन व्यक्त गर्दछु ।

नेपालमा सहकारीको इतिहास २०१३ साल चैत्र २० गते चितवनमा बाढी पीडितहरुलाई राहत प्रदान गर्न, शुलभ दरमा कृषि ऋण उपलब्ध गराउने उद्देश्यले बखानपुर कृषि सहकारीको स्थापना गरि शुरुवात भएको पाइन्छ । हाल नेपालमा सहकारी विभागको तथ्याङ्कअनुसार करिब ३४,००० को संख्यामा सहकारी संस्थाहरु, करिब ८५ लाख सदस्यहरु मध्ये ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुष आवद्ध रहेको देखिएकोछ र सहकारी क्षेत्रले करिब ६४ अर्ब शेयर संकलन, करिब ५ खर्व वचत संकलन र ४ खर्व ऋण लगानी गर्दै करिब १ लाख जनशक्तिहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नुको साथै अप्रत्यक्ष रुपमा लाखौंलाख जनशक्तिलाई स्वरोजगार र व्यावसायिक बनाई देशको आर्थिक अवस्थामा टेवा पुऱ्याएको देखिन्छ ।

हाम्रो यस संस्था ०६५ पौष २२ गते "श्रम बचत सहकार्य, उत्पादन वृद्धि अपरिहार्य" भन्ने नारालाई आत्मसाथ गर्दै विधिवत् रुपमा दर्ता भै तपाँईहरु माझ संचालनमा रहेको विवितै छ । यस संस्थालाई आजको स्थिती सम्ममा आउन सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, सल्लाहकार समितिका क्रियाशील व्यक्तित्वहरु, कर्तव्यनिष्ठ कर्मचारीहरु, अग्रज सहकारी संस्थाहरु, जिल्ला सहकारी संघ, नेपाल सरकार केन्द्रिय, प्रदेश र स्थानीय पालिका तथा कार्यालयहरुको सहयोग एवं प्रेरणा, समाजका हरेक तह र तप्काबाट पाएको माया/ममता, सहयोग र सद्भावको उपज हो । साथैं १६ औँ वार्षिक साधारण सभामा उपस्थित भई यहाँहरुलाई स्वागत गर्न पाउँदा गौरवान्वित हुदै सम्पुर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै यहाँहरु समक्ष यो बार्षिक

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट

२८ थप लेखा सम्बन्धी टिप्पणीहरु:

१) **ऋण सापटी तथा लगानीको वर्गीकृत विवरण:**

विवरण	गत बर्ष	यस बर्ष	बृद्दि (प्रतिशतमा)
असल	५८,२७६,९२७.००	५१,४७३,१५५.००	(११.६७)
शंकास्पद	५४८,०००.००	१२,२२४,३५५.००	२,१३०.७२
खराव	२,४८९,७२७.००	४,९५३,८६१.००	९८.९७
जम्मा	**६१,३१४,६५४.००**	**६८,६५१,३७१.००**	

२) **ऋण लगानी तथा निक्षेप दायित्वको विवरण**

विवरण	गत बर्ष	यस बर्ष	बृद्धि (प्रतिशतमा)
ऋण लगानी	६१,३१४,६५४	६८,६५१,३७१	११.९७
निक्षेप दायित्व	५४,०७५,९८४	५८,०५७,३९५	७.३६

३) **व्याजकरकट्टी:**
संस्थाले यस बर्ष निक्षेप तथा बचतमा व्याज खर्च लेख्दा आर्थिक ऐन, २०८० को व्यबस्था अनुसार व्याज भुक्तानीमा प्राकृतिक ब्यक्तिको हकमा ६ प्रतिशत र संस्थागत बचतकर्ताको १५ प्रतिशत व्याजकर वापत करकट्टी गरी असार मसान्तमा रु ४०,०७३.०० तिर्न बांकी रहेको छ ।

४) **आयकर व्यबस्था:**
यस बर्ष आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०८० को व्यबस्था अनुसार नगरपालिका भित्र संचालित बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई लाग्ने १० प्रतिशत संस्थागत कर व्यबस्था भए अनुसार रु २,२२,३५८.८९ आयकर दायित्व गणना गरिएको छ । यस आर्थिक बर्षमा बैंक ब्याज तथा अन्य ब्याज आम्दानीहरुमा भएको अग्रिम करकट्टी रकम लाई अग्रिम आयकरको रुपमा देखाइएको छ ।

५) **सम्भाब्य दायित्वहरु:**
सम्भावित दायित्वहरु सम्भाव्य दायित्व हुन् जुन विगतका घटनाले सिर्जना हुन्छ र जसको पहिचान, सहकारीका नियन्त्रणमा नभएका भविष्यका अनिश्‍ित घटनाहरु घट्दा या नघट्दा हुन्छ । यी पहिचान नगरिएका विगतको घटनाका कारणका वर्तमान दायित्व पनि हुन सक्दछ, जसको दायित्वको पहिचान हुने विश्‍वसनीय आधार छैन आर्थिक लाभ हुन श्रोत बाहिरिने सम्भावना न्युन छ । यस आर्थिक बर्षको असार मसान्तसम्ममा संस्थाको कुनै पनि सम्भाब्य दायित्व रहेका छैनन् ।

६) **भुक्तानी दिन बांकी लाभांश**
संस्थाले नियमानुसार कोष बांडफांड गरि गत आर्थिक बर्षमा शेयर लाभाशं कोषमा छुट्याएको रकम यस आर्थिक बर्षमा वितरण गरेको छैन । त्यसैले शेयर लाभांश कोषको रकम शेयर सदस्यहरुलाई वितरण गर्न बांकी रहेको छ ।

७) **कर्जा अपलेखन**
यस आर्थिक बर्षमा संस्थाले कुनैपनि कर्जा लगानी अपलेखन गरिएको छैन ।

८) **गैर बैंकिग सम्पत्ति**
यस आर्थिक बर्षको असार मसान्तसम्ममा संस्थाको नाममा कुनै पनि गैर बैकिग सम्पत्ति रहेका छैनन् ।

९) **औशत ब्याजदर**
यस आर्थिक बर्षको असार मसान्तमा संस्थाको कर्जा लगानीको औशत ब्याजदर १५.९९ निक्षेप दायित्वको औशत ब्याजदर ९.१५ र स्प्रेडदर ६.८४ रहेको छ ।

१०) **सम्बन्धित पक्षहरुसँग सम्बन्धित खुलासा:**
सहकारी संस्थाको संचालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएको छ । उनीहरुको विवरण यसप्रकार रहेको छ ।

सम्बन्धित पक्षको नाम	संस्थासँगको सम्बन्ध
इन्द्रमणी गैरे	संचालक समितिको अध्यक्ष
युवराज तिमल्सिना	संचालक समितिको उपाध्यक्ष
रामप्रसाद प्याकुरेल	संचालक समितिको सचिव
हरिकृष्ण तिमल्सिना	संचालक समितिको सह-सचिव
भवानी पाठक	संचालक समितिको कोषाध्यक्ष
बाल कुमारी अधिकारी	संचालक समितिको सदस्य
संजिव थपलिया	संचालक समितिको सदस्य
रामेश्‍वर पाण्डे	संचालक समितिको सदस्य
बद्री प्रसाद प्याकुरेल	संचालक समितिको सदस्य
उध्दव अधिकारी	संचालक समितिको सदस्य
डिल्ली प्रसाद गज्रेल	संचालक समितिको सदस्य
भोजराज पनेरु	व्यवस्थापक

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आ.व. २०८०।२०८१
पर्ल्स अनुगमन प्रणाली (Pearls Monitoring System)

	अनुपात (Pearls Ratio)	लक्ष्य	हिसाब	स्थिति
P	**Protections** (ऋण सुरक्षाको लागि व्यवस्था)			
	भाखा न-नाघेको	१ %	५१४,७३२.००	१००.००%
	१ वर्ष भन्दा कम भाखा नाघेको	३५ %	-	०.००%
	१ वर्ष भन्दा बढि भाखा नाघेको	१०० %	३,६८६,०६४.००	७४.४१%
E	**Effective Financial Structure** (प्रभावकारी			
	१. लगानीमा रहेको खुद ऋण कुल सम्पति	७०-८०%	६४,४५०,५७५.००	७२.७२%
	२. तरल सम्पति - कुल सम्पति	वढिमा २०%	१२,९४२,०३७.२०	१४.६०%
	३. बचत निक्षेप - कुल सम्पति	७०-८०%	५८,०५७,३९४.९५	६५.५१%
	४. वाह्य ऋण - कुल सम्पति	बढिमा ५%	-	०.००%
	५. सदस्य शेयर पूँजी - कुल सम्पति	१०-२० %	१७,३७९,८००.००	१९.६१%
	६. संस्थागत पूँजी - कुल सम्पति	कम्तिमा २०%	५,३७९,२२४.७४	६.०७%
	७. शुद्ध संस्थागत पूँजी - कुल सम्पति	कम्तिमा १०%	४,५१३,८८८.९७	५.०९%
A	**Assets quality** (सम्पतिको गुणस्तर)			
	भाखा नाघेको ऋण - कुल ऋण लगानीको	५% भन्दा कम	१७,१७८,२१६.००	२५.०२%
	आय आर्जन नगर्ने सम्पति - कुल सम्पतिको	५% भन्दा कम	७,२६७,१६१.६६	८.२०%
R	**Rates of return cost** (लगानीमा प्रतिफल)			
	१. संचालन खर्च - औशत सम्पति	५%	३,४९५,७८८.६०	४.०९%
	२. शुद्धबचत - औशत सम्पति	कम्तिमा १०%	८७६,६३४.३६	१.०३%
L	**Liquidity** (तरलता)			
	१. छोटो समयमा गर्नुपर्ने भुक्तानी - कुल बचत	१५%	२४३,११९.४३	०.४२%
	२. तरल मौज्दात जगेडा - कुल बचत	कम्तिमा १०%	१२,९४२,०३७.२०	२२.२९%
S	**Sign of Growth** (वृद्धिको संकेत)			
	१. सदस्यता वृद्धि	कम्तिमा १०%	८.००	१.२६%
	२. कुल सम्पतिमा वृद्धि		६,२१९,९६९.२१	७.५५%

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

SAPKOTA & ASSOCIATES, REGISTERED AUDITOR, BALAJU, KTM

प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

हालको विश्वव्यापी रुपमा आएको आर्थिक मन्दीको प्रभावको कारण र हाल सहकारी क्षेत्रमा देखिएको सहकारीप्रतिको नकारात्मक सोचको कारणले गर्दा पनि सहकारी क्षेत्रमा समस्या देखिन आएकोछ । सहकारी क्षेत्रमा देखिएका चुनौतीहरुलाई समाधान गर्न, संस्थाहरुको नियमनलाई प्रभावकारी बनाउन, आन्तरिक तथा बाह्य अनुगमनको नियमिता गर्नुपर्ने, अनुगमनको लागी नियमक निकायलाई ध्यानाकर्षण गराई समस्याग्रस्त तथा जोखिम ग्रस्त संस्थाहरुको व्यवस्थापन र संचालन गरि सहकारी प्रतिको सोचमा परिवर्तन गराउनुपर्ने, संम्भावित जोखिम कम गर्न कर्जा अशुली न्यायाधिकरण, साख सुचना केन्द्र, सहकारी प्रवर्द्धन कोषको संचालन, दोहोरो सदस्यताको अन्त्य, सन्दर्भ ब्याजदरलगायतका आवश्यक कार्यहरु गर्नुपर्ने देखिन्छ साथै हाल संचालनमा रहेका संस्थाहरुलाई थप व्यवस्थित बनाउन सहकारी ऐनको पुर्ण कार्यान्वयन, श्रम ऐन, सामाजिक सुरक्षा कोष कार्याविधि, सम्पति सुध्दिकरण नियमावली, आयकर ऐन लगायतका ऐनहरु कार्यान्वयन गरि नेपाल लेखामान वोर्डले तयार गरि लागु गरेका श्रेस्ताहरुको ढाँचामा लेखा राख्ने र सोही बमोजिमको लेखापरिक्षण गरि संस्थालाई सबल र सक्षम बनाउनु आजको आवश्यकता रहेको छ ।

हाल सहकारीकर्मीहरुमा नयाँ तथा सकारात्मक सोच निर्माण गरि सहकारी क्षेत्रलाई अघि बढाउनु आजको आवश्यता रहेकोछ । नेपाल सरकारले पनि आगामी दिनमा तीन खम्बे अर्थ नितिलाई कायम राख्न र देशमा संम्वृद्दि हासिल गर्न सहकारीहरुलाई व्यवसायी मैत्री बनाई उत्पादनमा जोड्नु पर्ने देखिएकोछ । सहकारीहरु संग रहेको पुँजिलाई सो क्षेत्रमा लगानी गर्न हालको अवस्थामा ठुलो चुनौतीको रुपमा रहेको छ किनभने सदस्यको बचत सदस्यले चाहेको बेलामा फिर्ता गर्नु पर्ने हुन्छ । त्यसैले यस्तो पूँजीलाई हामीले व्यावसायमा लगानी गर्न सकिदैन । सहकारी संस्थाहरुलाई व्यवसायी बनाउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारले समयसापेक्ष सहकारी व्यवसायमैत्री कानुनहरु निर्माण गर्ने, व्यवसायमा लगानी गर्ने बिउ पुँजी प्रदान गर्ने, सहकारी मैत्री सहकारी ऐन, नियम, मापदण्ड र निर्देशिका निमार्ण गरि सहकारीको समस्या समाधान गर्नुपर्ने देखिन्छ ।

हामीले संस्थाको सम्पत्तिको रुपमा रहेको कर्मचारीहरुलाई समयसापेक्ष आवश्यक तालिम, सेवासुविधा तथा वृद्धिविकासमा बृद्धि गर्दै लैजानुको साथै कर्मचारीहरुको कार्य प्रति उत्साह र उत्पेरणाको लागी कर्मचारी संचयकोषको समेत व्यवस्था गरेका छौ र आगामी दिनमा नेपाल सरकारले संचालनमा ल्याएको सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने व्यवस्था मिलाउने, श्रम ऐन अनुसार तलब समायोजन गरि आवश्यक सेवासुविधा प्रदान गर्ने,सुलभ कर्जा, बिमा, ग्रेड, महगी भत्ता लगायतका आवश्यक सुविधाहरु प्रदान गर्दै जाने व्यहोरा समेत अवगत गराउन चाहन्छु । अब म यस संस्थाले गत आ.व. मा गरेको प्रगति विवरण र आगामी आ.व. को निति तथा कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छु ।

संस्थाको प्रगति विवरण :

१. आ.व.२०७९/०८० को र आ.व.२०८०/०८१ को तुलनात्मक प्रगति विवरण:

क्र.सं.	विवरण	आ.व.२०७९/०८०	आ.व.२०८०/०८१
१	शेयर सस्दय	६३६ जना	६४४ जना
२	शेयर रकम	१,६७,६१,२००।००	१,७३,७९,८००।००
३	निक्षेप	५,५८,६४,५८७।२३	६,०२,४७,७४९।९५
४	ऋण लगानी	६,१३,१४,६५४।००	६,८६,५१,३७१।००
५	व्याज आम्दानी	७४,९३,७४१।००	८८,९७,९०७।००
६	बैंक/वित्तिय संस्थाबाट ब्याज प्राप्त	३,८५,८५०।७९	३,०७,७६५।९८
७	अन्य संचालन आम्दानी	११,२४,२६२।५२	१०,०४,१७०।८७
८	ब्याज खर्च	४६,१४,७४०।००	४६,७८,५१७।००
९	कर्मचारी खर्च	१३,१७,५३०।४१	१४,६३,२५४।००
१०	का.संचालन खर्च	१५,७७,०५७।००	१७,९३,७४९।००
११	ह्रासकट्टी	२,६०,३८८।११	२,३८,८३०।६०
१२	कर्जा जोखिम व्यवस्था	२,५४,४४४।३९	९,३६,५००।००
१३	आयकर व्यवस्था	८४,३५४।००	२,२२,३५८।८९
१४	खुद मुनाफा	८,९५,३४०।४०	८,७६,६३४।३६

२. यस संस्थाले नुवाकोटको सदरमुकाम विदुरमा ३ तले कार्यालय भवन निर्माण गर्न सफल भएको छ ।

३. कर्जा लगानीलाई छिटोछरितो र पारदर्शि बनाउन धितो निरिक्षणको शुरुवात गर्नुको साथै कर्जा असुली गर्न घरदैलो कार्यक्रमलाई निरन्तरता दिएको छ ।

४. कर्मचारी बोनस कोषको रकम वितरणलाई निरन्तरता दिदै संरक्षित पुँजी फिर्ता कोषको रकमलाई कारोबारको आधारमा वितरण गएिकोछ ।

५. संस्थाको बिनियममा नै सदस्य हितकोषको व्यवस्था गरि शेयर सदस्य दुर्घटना बीमा रु.२५,०००। शेयर सदस्यको मृत्यु भएमा रु.७,०००।- महिला शेयर सदस्यलाई दिने सुत्केरी स्याहार/पोषण रकम रु.२,०००। लाई कायमै राखिएको छ ।

६. समयानुकुल कर्जा तथा वचतको ब्याजदर आवश्यक संसोधन गरिनुको साथै नेपाल सरकारले तोकेको सर्न्दभ ब्याजदर बमोजिमको स्प्रिडदर कायम गरिएको र आगामी दिनमा पनि सो कामको अख्तियारी संचालक समितिलाई प्रदान गरि दिनुहुन अनुरोध गर्दछौं ।

आगामी आ.व. को नीति तथा कार्यक्रमहरु :

१. सहकारी सिद्धान्त बमोजिम सदस्यता तथा शेयर पुँजी वृद्धि गर्ने, सदस्यहरुलाई सहकारी अभिमुखिकरण तालिम संचालन गरिनेछ ।

२. यस संस्थाको कार्यालय संचालन भइरहेको सहकारी भवनमा एक तल्ला थप गर्न आवश्यक पर्ने बजेट जुटाउन स्थानिय सरकार, प्रादेशिक सरकार र संघीय सरकार अन्तरगतका

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति तथा उपकरण विवरण

९.सम्पत्ति तथा उपकरण विवरण र अदृश्य सम्पत्तिको विवरण

विवरण	सम्पत्ति तथा उपकरण					यस वर्षसम्म जम्मा (रु).	अदृश्य सम्पत्ति	यस वर्षसम्म जम्मा (रु).
	जग्गा	भवन	कार्यालय सामान तथा कम्प्युटर उपकरण	फर्निचर तथा फिक्चर्स	अन्य सम्पत्ति तथा उपकरण		सफ्टवेयर	
क. परलमोल								
(क) गत वर्षको मौज्दात	१,९५०,०००.००	४,०६७,२७९.३३	४३,३८४.५४	९०,३१६.०४	९,९३८.५२	६,१६०,९१८.४३	-	-
(ख) यस वर्ष थप	-	-	-	६,०००.००	-	६,०००.००	-	-
(ग) यस वर्ष पुनमुल्यांकन/पुनर्लेखन						-		-
(घ) यस वर्षको बिक्रि	-	-	-	-	-	-	-	-
(ङ) यस वर्षको अपलेखन	-	-	-	-	-	-	-	-
कुल परलमोल (क+ख+ग-घ-ङ)	**१,९५०,०००.००**	**४,०६७,२७९.३३**	**४३,३८४.५४**	**९६,३१६.०४**	**९,९३८.५२**	**६,१६६,९१८.४३**	**-**	**-**
ख. ह्रास कट्टी								
(क) गत वर्ष सम्मको	-	-	-	-	-	-	-	-
(ख) यस वर्षको	-	२०३,३६३.९७	१०,८४६.१४	२३,१२९.७२	१,४९०.७७	२३८,८३०.६०	-	-
(ग) ह्रास कट्टी पुनमुल्यांकन/पुनर्लेखन						-		-
(घ) ह्रास कट्टी रकम समायोजन र फिर्ता						-		-
(ङ) यस वर्षको परिशोधन खर्च						-	-	-
कुल ह्रासकट्टी तथा परिशोधन खर्च (क+ख+ग-घ+ङ)	**-**	**२०३,३६३.९७**	**१०,८४६.१४**	**२३,१२९.७२**	**१,४९०.७७**	**२३८,८३०.६०**	**-**	**-**
ग. बुक भ्यालु(क-ख)	१,९५०,०००.००	३,८६३,९१५.३६	३२,५३८.४०	७३,१८६.३२	८,४४७.७५	५,९२८,०८७.८३	-	-
घ. पुंजीगत निर्माण (पुंजीकरण गरिनु पर्ने)	-	-	-	-	-	-	-	-
जम्मा (यस वर्ष)	**१,९५०,०००.००**	**३,८६३,९१५.३६**	**३२,५३८.४०**	**७३,१८६.३२**	**८,४४७.७५**	**५,९२८,०८७.८३**	**-**	**-**
जम्मा (गत वर्ष)	**१,९५०,०००.००**	**४,०६७,२७९.३३**	**४३,३८४.५४**	**९०,३१६.०४**	**९,९३८.५२**	**६,१६०,९१८.४३**	**-**	**-**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आर्थिक वर्ष २०८०।८१ को स्थिर सम्पत्तिको थपघट तथा ह्रासकट्टी विवरण

विवरण	परिमाण	ह्रासदर	शुरु मौज्दात	खरिद	यस वर्ष विक्रि	जम्मा	ह्रासकट्टी रकम (रु)	ह्रासकट्टी पछिको मौज्दात (रु)
जग्गा तथा भवन:								
जग्गा	५ आना	-	१,९५०,०००.००	-	-	१,९५०,०००.००	-	१,९५०,०००.००
भवन	१ वटा	५%	४,०६७,२७९.३३	-	-	४,०६७,२७९.३३	२०३,३६३.९७	३,८६३,९१५.३६
जम्मा			**६,०१७,२७९.३३**	**-**	**-**	**६,०१७,२७९.३३**	**२०३,३६३.९७**	**५,८१३,९१५.३६**
फर्निचर तथा फिक्चर्स:								
अफिस काउन्टर	१ सेट	२५%	१५,३९४.४२	-	-	१५,३९४.४२	३,८४८.६१	११,५४५.८१
रिसेप्सन काउन्टर	१ सेट	२५%	५,७३७.५०	-	-	५,७३७.५०	१,४३४.३८	४,३०३.१२
अफिस टेबल	३ थान	२५%	५,६५९.५०	-	-	५,६५९.५०	१,४१४.८८	४,२४४.६२
अफिस दराज(स्टील)	२ थान	२५%	४,३४६.४२	-	-	४,३४६.४२	१,०८६.६१	३,२५९.८१
काठको दराज	५ थान	२५%	१२,९०९.३७	-	-	१२,९०९.३७	३,२२७.३४	९,६८२.०३
अफिस कुर्सी	३ थान	२५%	११,५१५.१३	-	-	११,५१५.१३	२,८७८.७८	८,६३६.३५
प्लाष्टिक कुर्सी	२० थान	२५%	२,९३०.३०	-	-	२,९३०.३०	७३२.५८	२,१९७.७२
प्लाष्टिक कुर्सी	१० थान	२५%	-	६,०००.००	-	६,०००.००	५५०.६८	५,४४९.३२
टि टेबल	१ थान	२५%	१,१४७.५०	-	-	१,१४७.५०	२८६.८८	८६०.६२
पार्टेशन तथा र्याक	१ सेट	२५%	११,४७५.००	-	-	११,४७५.००	२,८६८.७५	८,६०६.२५
फर्निचर पार्टेशन	१ सेट	२५%	१५,७७८.१२	-	-	१५,७७८.१२	३,९४४.५३	११,८३३.५९
टुल बक्स	१ थान	२५%	३,४२२.७८	-	-	३,४२२.७८	८५५.७०	२,५६७.०८
जम्मा			**९०,३१६.०४**	**६,०००.००**	**-**	**९६,३१६.०४**	**२३,१२९.७२**	**७३,१८६.३२**
कम्प्युटर,प्रिन्टर तथा कार्यालय उपकरण:								
कम्प्युटर सेट	४ सेट	२५%	३५,६२३.८२		-	३५,६२३.८२	८,९०५.९६	२६,७१७.८६
फोटोकपी मेसिन	१ थान	२५%	१,४३२.६०	-	-	१,४३२.६०	३५८.१५	१,०७४.४५
प्रिन्टर क्यानन	१ थान	२५%	६,३२८.१२	-	-	६,३२८.१२	१,५८२.०३	४,७४६.०९
जम्मा			**४३,३८४.५४**	**-**	**-**	**४३,३८४.५४**	**१०,८४६.१४**	**३२,५३८.४०**
अन्य सम्पत्तिः								
स्पिकर	१ सेट	१५%	३,०७०.६२	-	-	३,०७०.६२	४६०.५९	२,६१०.०३
प्रोजेक्टर	१ सेट	१५%	३,०७०.६२	-		३,०७०.६२	४६०.५९	२,६१०.०३
पानी तान्ने पम्प्	१ थान	१५%	३,७९७.२८	-	-	३,७९७.२८	५६९.५९	३,२२७.६९
जम्मा			**९,९३८.५२**	**-**	**-**	**९,९३८.५२**	**१,४९०.७७**	**८,४४७.७५**
कुल जम्मा			**६,१६०,९१८.४३**	**६,०००.००**	**-**	**६,१६६,९१८.४३**	**२३८,८३०.६०**	**५,९२८,०८७.८३**

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

SAPKOTA & ASSOCIATES
4463
REGISTERED AUDITOR
BALAJU, KTM

२३ कर्मचारी खर्च

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	तलब तथा भत्ता खर्च	१,३६३,०५४.००	१,३१७,५३०.४१
२	सञ्चयकोष खर्च	१००,२००.००	१०१,८५५.००
	जम्मा	१,४६३,२५४.००	१,४१९,३८५.४१

२४ प्रशासनिक खर्च

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	मसलन्द तथा स्टेशनरी	६४,५१५.००	८८,४८०.००
२	इन्धन खर्च	११,०५०.००	११,४००.००
३	बार्षिक नविकरण तथा सेवा शुल्क	४,३००.००	-
४	संचार, टेलिफोन, बिद्युत तथा खानेपानी महशुल खर्च	६२,१२५.००	५८,२९७.००
५	बाह्य लेखापरीक्षण खर्च	४०,०००.००	३३,९००.००
६	भैपरी आउने खर्च	३०,६७०.००	७७,०७०.००
७	साधारण सभा खर्च	२३१,४७०.००	१९३,६५०.००
८	मर्मत संभार खर्च	६,३२४.००	-
९	समिति बैठक खर्च	१६२,०००.००	१०३,०००.००
१०	अथिति सत्कार खर्च	३७,१२०.००	४०,१०५.००
११	सहकारी शिक्षा तथा तालिम खर्च	१,१२५,०००.००	८५७,७५०.००
१२	जन्मदिन उपहार केक खरिद खर्च	१८,०७५.००	११,५५०.००
१३	कर खर्च	१,०५५.००	-
	जम्मा	१,७९३,७०४.००	१,४७५,२०२.००

२५ ह्रासकट्टी र परिशोधन खर्च

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	सम्पत्ति र उपकरणमा ह्रासकट्टी	२३८,८३०.६०	२६०,३८८.११
२	अदृश्य सम्पत्तिमा परिशोधन खर्च	-	-
	जम्मा	२३८,८३०.६०	२६०,३८८.११

२६ गैर संचालन आम्दानी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	लाभांश आम्दानी	-	१४४,३१९.३१
२	संरक्षित पुंजी फिर्ता आम्दानी	१,३६७.०८	७,७२५.२१
३	विविध आम्दानी	-	९७,०००.००
	जम्मा	१,३६७.०८	२४९,०४४.५२

संचालन आयसँग प्रत्यक्ष सम्वन्ध नभएका आयहरु यस शिर्षक अर्न्तगत प्रस्तुत गरिन्छ।

२७ कर खर्च

क्र.सं.	विवरण	यस वर्ष रु	गत वर्ष रु
१	चालु आयकर खर्च(बुदा नं ८.१)	२२२,३५८.८९	८४,३५४.००
२	स्थगन कर खर्च	-	-
३	स्थगन कर आम्दानी (बुदा नं १०)	४५.००	-

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

कार्यालयहरुसंग समन्वय गरि, सरकारी तथा गैर सरकारी कार्यालयसँग योजना माग गर्ने र शेयर सदस्यहरुबाट आवश्यक सहयोग जुटाउने प्रयत्न गरिनेछ ।

३. संस्थाको कार्यालय व्यवस्थित गर्न बैठक कक्ष निर्माण गर्ने र संस्थाको सुरक्षालाई थप व्यवस्थित बनाउन सिसी टि.भी. जडान गर्ने र संस्थाको कारोबारलाई आधुनिक र प्रविधिमैत्री बनाउन नयाँ सफ्टवेयर (कोशिस) जडान गरिनेछ ।

४. संस्थाको कार्यक्षेत्र भित्र कारोबार बिस्तार गर्न र सदस्यहरुलाई सुविधा प्रदान गर्न सेवा केन्द्र सञ्चालन गर्न प्रयत्न गरिनेछ ।

५. संस्थाले आफ्ना शेयर सदस्यहरुलाई सहज र सरल ढंगबाट कर्जा लगानी गर्न नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी बैंक, सहकारी विकास वोर्ड लगायत विभिन्न बैक तथा वित्तिय संघसंस्थाहरु र युवा तथा साना व्यवसायी स्वरोजगार कोष संग थप थोक कर्जा लिने र समुह निर्माण गरि लघु कर्जा कार्यक्रम संचालन गरिनेछ ।

६. निति, विधि र प्रविधि मैत्री संस्था निर्माण गर्ने, कर्मचारीहरुको आवश्यक दरवन्दि निर्धारण गरि नियुक्ति प्रदान गर्ने, आवश्यक तालिम प्रदान गर्ने, सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने, श्रम ऐन अनुसार तलब समायोजन गरि आवश्यक सेवासुविधा प्रदान गर्ने, कर्मचारीहरुको कार्य प्रति उत्साह र उत्पेरणाको लागी आगामी दिनमा सहुलियत ब्याजदरमा कर्जा, बिमा, ग्रेड, महगी भत्ता लगायतका आवश्यक सुविधाहरु प्रदान गर्दै जाने व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

७. संस्थाको बिनियममा नै सदस्य हितकोषको व्यवस्था गरि शेयर सदस्य दुर्घटना बीमा रु.२५,०००। र शेयर सदस्यको मृत्यु भएमा रु.७,०००। र महिला शेयर सदस्यहरुलाई सुत्केरी स्याहार/पोषण खर्च स्वरुप रु. २,०००। (दुई हजार) सहयोग प्रदानलाई निरन्तरता गर्ने । यो सुबिधा एक शेयर सदस्यले बढिमा २ पटक सुत्केरी हुदाँ मात्र प्राप्त गर्न सक्नेछन् ।

८. दोहोरो सदस्यता अन्त गर्न सम्पुर्ण शेयर सदस्यहरुलाई एक व्यक्ति एक सहकारीमा मात्र आवद्ध हुन अनुरोध गर्ने । यस संस्थामा मात्र शेयर सदस्यता रहेको वा रहने भनी स्वघोषणा पत्रमा हस्ताक्षर गरिएको र केही सदस्यहरुको बाँकी रहन आएको हुदाँ यथाशिघ्र स्वघोषणा पत्रमा हस्ताक्षर गरि संस्थामा बुझाउन अनुरोध गर्दछौं ।

९. पुँजि वृद्धि स्किम अन्तरगत शेयर थप गरि प्रत्येक शेयर सदस्यहरुको न्युनतम शेयर १ लाख बनाउने र शेयर पूँजी २,५०,००००। पुर्याउने कार्यक्रम अघिल्लो आ.व. देखि नै सुरुवात भैसकेका हुदाँ सर्म्पुण सदस्यहरुलाई शेयर थप गर्न अनुरोध गर्दछौं ।

१०. नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल खरिद/बिक्री कार्य केही समयदेखि बन्द रहेको हुँदा आगामी आ.व. बाट सुचारु गरिनेछ ।

११. सामाजिक उत्तरदायित्व बहन गर्न सामाजिक सेवा कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तरगत शेयर सदस्यका एक एक जना छोराछोरीलाई एस.ई.ई. मा उत्कृष्ट अंक प्राप्त गर्नेलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता गर्दै यस आ.ब. बाट ज्येष्ठ नागरिक शेयर सदस्यलाई सम्मान कार्यक्रम सुरुवात गरिएको छ भने आगामी दिनमा सामुदायिक

विद्यालयमा अध्ययन गर्ने कम्तिमा एक एक जना छात्र, छात्रालाई छात्रवृत्ति प्रदान गरिनेछ ।

१२. सबै शेयर सदस्यहरुलाई अनिवार्य मासिक न्युनतम् रु.५००। बचत गर्न अनिवार्य गरिएको छ । यस खातामा ११ प्रतिशत ब्याज प्रदान गरिनुको साथै कम्तिमा २ बर्ष बचत राख्नुपर्ने व्यवस्था गरिएको छ तर सम्पुर्ण शेयर सदस्यहरु यस कार्यक्रममा आबद्ध नभएकोले सबैलाई आबद्ध हुन अनुरोध गर्दछौं ।

१३.सहकारी शिक्षा तालिमलाई थप प्रभावकारी बनाउन तालिम कार्यक्रमलाई निरन्तरता दिने । साथै सहकारी संस्था विकासको लागी राष्ट्रिय सहकारी बैंक, सहकारी विकास वोर्ड लगायत अन्य बैंक तथा वित्तिय संघसंस्थाहरु संग समन्वय गरि विभिन्न तालिम तथा गोष्ठी संचालन गर्न पहल गरिनेछ ।

१४.कर्जा कारोवार थप प्रभावकारी बनाउन कर्जा लगानी तथा अशुली निर्देशिका निर्माण गर्ने र नियमित किस्तावन्दी रुपमा कारोवार गर्न अनुरोध गर्ने । धितो मुल्याङ्कन गर्न परामर्शदाताको नियुक्ति गर्नुको साथै थप लगानीका क्षेत्रहरु पहिचान गरि सुरक्षित लगानी गरिनेछ भने भाखा नाघेका कर्जा असुली गर्न कानुनी प्रक्रिया अगाडि बढाउनुका साथै धितो लिलामी उपसमिति गठन गरी धितो लिलामी प्रकृया अगाडि बढाइनेछ ।

१५.संस्था विकासको लागि उद्वेश्य, लक्ष्य र क्षमता मिल्ने बिभिन्न सहकारी संस्थाहरुसंग समन्वय गरि एकिकरण प्रकृया अगाडी बढाउन संस्था एकिकरण उपसमिति निर्माण गर्ने र सो समितिलाई एकिकरण सम्बन्धि सम्पुर्ण काम गर्ने अख्तियारी प्रदान गरिनेछ ।

१६.विगतको बर्षमा जस्तै यस बर्षमा पनि संस्थाको बार्षिक क्यालेडर प्रकाशन गरिनेछ ।

१७.शेयर सदस्यहरुलाइ आयआर्जन वृद्दि गर्नका लागी सिपमुलक तालिमको व्यवस्था मिलाई व्यवसायी बनाउन पहल गर्नुको साथै लागत साझेदारी कार्यक्रमहरु तथा सहकारी व्यावसाय संचालन गरिनेछ ।

१८.संस्थाले आफ्नो व्यवसाय सुरुवात गर्न वातावरण मैत्री विद्युतीय सवारी साधन अनुदान सहयोगमा खरिद गरि न्युनतम् शुल्कमा संचालन गरिनेछ ।

१९.विगत वर्षहरुमा निर्णय भई पुरा हुन बाँकी अध्ययन अवलोकन भ्रमण, तालिम लगायतका बाँकी कामहरुको प्राथमिकतामा राखी पूरा गरिनेछ ।

अन्तमा, यस संस्थालाई यहासम्म आइपुग्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने हुने सम्पुर्ण संघसंस्था तथा महानुभावहरुमा धन्यवाद ज्ञापन गर्दै प्रस्तुत प्रतिवेदन माथी सक्रियता पुर्वक सहभागी भई यहाँहरुले दिनु भएको महत्वपुर्ण सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दै यस सभामा प्रस्तुत प्रतिवेदन पारित गर्नुहुनेछ भन्ने विश्वासका साथ विदा हुन्छु धन्यवाद । सहकारी अभिवादन ।

इन्द्रमणि गैरे
अध्यक्ष

१६ औं बार्षिक साधारणसभा–२०८१

१८ ब्याज आम्दानी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	सदस्यलाई दिएको ऋण सापटीको ब्याज आम्दानी	८,८९७,९०७.००	७,४९३,७४१.००
	जम्मा	८,८९७,९०७.००	७,४९३,७४१.००

सहकारी विभागको निर्देशन अनुसार नगदमा प्राप्त भएको ब्याज रकमलाई मात्र ब्याज आम्दानी स्वरुप लेखाकंन गरिएको छ। साना तथा मझौला निकायलाई लागु हुने नेपाल वित्तिय प्रतिवेदन मान (NFRS FOR SMEs) अनुसार यस अर्थिक बर्षको असार मसान्त सम्म पाकिसकेको तर अशुल हुन बाँकी ब्याज रकमलाई आम्दानी मा जनाउनु पर्ने व्यवस्था भएता पनि सोको अनुपालना गरिएको छैन।

१९ ब्याज खर्च

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	सदस्यबाट संकलन गरिएको निक्षेपमा ब्याज खर्च	४,६७८,५१७.००	४,६१४,७४०.००
२	बैंक तथा वित्तिय संस्थालाई तिरेको ब्याज खर्च	-	-
	जम्मा	४,६७८,५१७.००	४,६१४,७४०.००

२० बैंक तथा वित्तिय संस्थाबाट प्राप्त ब्याज आम्दानी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	बैंक ब्याज आम्दानी	३०७,७६५.९८	३८५,८५०.७९
	जम्मा	३०७,७६५.९८	३८५,८५०.७९

२१ अन्य संचालन आम्दानी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	ऋण माग फाराम शुल्क	९,९००.००	१०,२००.००
२	जरिवाना तथा विलम्ब शुल्क	९४८,३८३.००	८२०,३७८.००
३	प्रवेश तथा सदस्यता शुल्क	१५,३४०.००	१५,२४०.००
४	खाता बन्द शुल्क	२०,६००.००	२९,४००.००
५	अन्य आम्दानी	८,५८०.७९	-
	जम्मा	१,००२,८०३.७९	८७५,२१८.००

२२ कर्जा नोक्सानी व्यवस्था

क्र.सं.	विवरण	यस वर्ष रु	गत वर्ष रु
१	असल कर्जा नोक्सानी व्यवस्था (असल कर्जामा १ प्रतिशत)	५१४,७३२.००	५८२,७६९.००
२	शंकास्पद कर्जा नोक्सानी व्यवस्था (शंकास्पद कर्जा ३५ प्रतिशत)	-	१९१,८००.००
३	खराब कर्जा नोक्सानी व्यवस्था (खराब कर्जा १०० प्रतिशत)	३,६८६,०६४.००	२,४८९,७२७.००
		४,२००,७९६.००	३,२६४,२९६.००
४	न्युन: गत बर्ष सम्मको व्यवस्था	३,२६४,२९६.००	३,००९,८५१.६१
	जम्मा	९३६,५००.००	२५४,४४४.३९

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

SAPKOTA & ASSOCIATES
4463
REGISTERED AUDITOR
BALAJU, KTM

१४ अन्य दायित्व

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	भुक्तानी दिन बाँकी लेखापरिक्षण शुल्क	३९,४६९.००	३३,४५०.००
२	ब्याज मुल्तबी	३,९२०,७५०.००	३,३९४,८२९.००
३	**बैधानिक दयित्वः**		
४	ब्याज कर	४०,०७३.००	१४६,४८७.००
५	ले.प. कर	५३१.००	४५०.००
६	बैठक भत्ता कर	१,२००.००	५,७००.००
७	सामाजिक सुरक्षा कर	२,१२८.३२	८,८७५.३२
८	लाभांश कर	९,२७५.२६	९,२७५.२६
	जम्मा	**४,०१३,४२६.५८**	**३,५९९,०६६.५८**

१५ शेयर पुँजी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	साधारण शेयर(प्रति कित्ता रु १०० का दरले)	१७,३७९,८००.००	१६,७६१,२००.००
	जम्मा	**१७,३७९,८००.००**	**१६,७६१,२००.००**

साधारण शेयर पुँजीले सहकारीले जारी गरेको साधारण शेयरको अंकित मुल्यको प्रतिनिधित्व गर्दछ ।

१६ साधारण जगेडा कोष

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	श्रावन १ को मौज्दात	४,२९४,७३०.३८	४,०७०,८९५.२८
२	जोड्नेः अन्य कोषहरुबाट रकमान्तर भएको	-	-
३	जोड्नेः यस बर्षको खुद नाफाको २५ प्रतिशत रकम	२१९,१५८.५९	२२३,८३५.१०
४	जोड्नेः एनएफ आर एस अनुसार समायोजन	-	-
	जम्मा	**४,५१३,८८८.९७**	**४,२९४,७३०.३८**

सहकारी ऐन २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार, प्रत्येक बर्षको खुद नाफाको कम्तीमा २५ प्रतिशत बराबरको रकम साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ ।

१७ अन्य कोषहरु

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	संरक्षित पुंजी कोष	१८४,०१०.२७	१६७,८७६.३३
२	सहकारी प्रवर्द्धन कोष	१५,७९८.७०	१२,५११.३२
३	शेयर लाभांश कोष	६०३,२५७.१५	४३१,८२०.३६
४	कर्मचारी बोनस कोष	७३,४७२.९२	७५,०४०.७२
५	सहकारी शिक्षा कोष	२८७,३६६.०५	२३८,३८४.१०
६	संस्था बिकास कोष	१९३,९८४.३८	१४५,००२.४३
७	घाटा पुर्ति कोष	३८३,९८५.३४	३३५,००३.३९
८	सामुदायिक बिकास कोष	९३,९९३.८९	६९,५०२.९२
९	अन्य जोखिम ब्यवस्थापन कोष	९३,९९३.८९	६९,५०२.९२
१०	सदस्य कल्याण तथा हित कोष	३९०,३४४.११	३४१,३६२.१६
	जम्मा	**२,३२०,२०६.७०**	**१,८८६,००६.६५**

SAPKOTA & ASSOCIATES
4463 REGISTERED AUDITOR
BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिदुर ४, नुवाकोट

१६ औं बार्षिक साधारण सभामा कोषाध्यक्ष श्री भवानी पाठक ज्यू द्वारा प्रस्तुत वजेट कार्यक्रम तथा प्रगति विवरण :

२०८१ मंसिर २९ गते

यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्थाको १६ औं बार्षिक साधारण सभाको सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, संस्थाका संचालकज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू र सदस्य ज्यूहरु, ऋण लगानी तथा अशुली उपसमितिका संयोजकज्यू र सदस्य ज्यूहरु, सल्लाहकारज्यूहरु, शेयर सदस्यज्यूहरु, पत्रकार ज्यूहरु, सभामा उपस्थित हुनु भएका सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा कर्मचारी मित्रहरुमा जनमुखि बहुउद्देश्यीय सहकारी संस्था लि. तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम नेपालमा भएको महान जनयुद्ध र ६२/६३ को जनआन्दोलनले देशमा ल्याएको आमुल परिवर्तन पश्चात पनि महिलाहरुले कमै मात्र अवसर पाइरहेको सन्दर्भमा स्थापनाको करिव डेढ दशकको अवधिमा यस सहकारीको पहिलो महिला पदाधिकारी (कोषाध्यक्ष) को रुपमा यहाँ उभियर यो प्रतिवेदन पेश गर्ने अवसर पाउँदै गर्दा मैले आफूलाई गौरवान्वित महसुश गरिरहेको छु भने म र मेरो क्षमतालाई विश्वास गरि यस सहकारीको १५ बार्षिक साधारण सभा मार्फत मलाई पहिलो महिला कोषाध्यक्षमा निर्वाचित हुन सहयोग गर्नुहुने संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम संचालक समितिका अन्य पदाधिकारी तथा सदस्य ज्युहरुमा हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

सामुहिक सहकार्यमा समुदायको सामाजिक एवम आर्थिक बिकासका लागि समान उद्देश्य बोकेर सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, श्रम ऐन २०७४, सम्पत्ति सुद्दिकरण सम्वन्धि निर्देशिका २०७४ र संस्थाको विनियम र विभिन्न नियमावलीभित्र रहेर स्थापना भएको संस्था हो जनमुखी बहुउद्देश्यीय सहकारी । नेपाल सरकारले अंगिकार गरेको तीन खम्बे अर्थनिति सरकारी, सहकारी र निजि अर्थ व्यवस्था अन्तर्गत रही हामीले सहकारीको माध्यमबाट आर्थीक विकास गर्न र व्यासायीको लागि आवश्यक निति निर्माण, पूर्वाधार विकास तथा सभाव्यता अध्ययनको अभियानमा लागी रहेका छौं ।

७२ सालको महाभुकम्प र त्यस पछि बिश्वकै सामु चुनौतीको रुपमा फैलिएको कोभिडको महामारीको कारण देशले अस्वभाविक रुपमा झेल्नुपरेको आर्थिक मन्दीबाट सहकारी क्षेत्र अछुतो रहने कुरै थिएन । बिगतका ति कठिन परिस्थितीहरुबाट उम्कने प्रयास गर्दै गर्दा सहकारी क्षेत्र भित्र देखिएका बिभिन्न बेथितीहरुका कारण सहकारी क्षेत्र नराम्ररी थलीने अवस्थामा पुगेको वर्तमान परिवेश सर्वविदितै छ भने बिस्तारै समुदायमा सहकारी क्षेत्र प्रतिको

बिश्वास गुम्दै जाने विषम परिस्थिती सृजना भैरहेको छ । यति हुँदा हुँदै पनि स्पष्ट निति र उद्देश्यलाई आत्मसाथ गर्दै सहकारीको मुल्य, मान्यता, विनियम र ऐनको परिधि भित्र रहेर चल्न सके जस्तोसुकै बिषम परिस्थितिमा पनि आफ्नो गरिमा र साख उचाँ राख्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण हो जनमुखी सहकारी ।

सहकारी संस्थाहरुलाई सबल पार्न आफ्नै भूमि, जनशक्ति र पूँजीलाई सही स्थानमा परिचालन गर्दै साना र मझौला उद्योग कलकारखाना को साथै उत्पादनका योजनाहरु निर्माण गरी लागू गर्दै जानु अपरिहार्य छ । नुवाकोट जिल्ला कृषि व्यवसाय, विद्युत उत्पादन, हालै मात्र विकासको क्रममा रहेको अन्तराष्ट्रिय मार्ग, तिब्बतसंग जोडिने मुख्य नाकाको रुपमा रहेको रसुवागढी नाका लगायतका सम्भाव्यताहरुलाई ध्यान दिई सहकारीहरुसँग रहेको पुँजिलाई सो क्षेत्रमा लगानी गर्न सके सहकारी क्षेत्रका साथ साथै समग्र जिल्ला कै आर्थिक बिकासमा टेवा पुग्नेमा कुनै शंका छैन ।

संस्थाको मेरुदण्ड भनेको नै क्रियाशील शेयर सदस्य हो, त्यसैले यस संस्थाले संस्था विकास र प्रर्वद्धनको लागी सदस्यहरुलाई क्रियासिल बन्न आवश्यकता अनुसारको विभिन्न उपसमितिहरुको गठन गरि कार्य विभाजन एवम जिम्मेवारी बाँडफाँड समेत गर्दै आएको छ । संस्थाको आर्थिक पक्ष सबल बनाउनको लागी सम्पुर्ण शेयर सदस्यहरुलाई यो संस्था मेरो हो भन्ने भावनाका साथ आफ्नो सम्पुर्ण आर्थिक कारोबार यसै संस्थाबाट गर्न हार्दिक अनुरोध गर्दछु । शेयर पुँजी वृद्दिको लागी हामीले शेयर थप गर्ने काम यथावत भैरहेको हुदाँ थप गर्न बाकी शेयर धनिहरुलाई शेयर थप गर्न अनुरोध गर्दछु । संस्थाले विगत बर्ष देखि नैं शिक्षा, स्वास्थ्य लगायत विभिन्न सामाजिक क्षेत्रमा पनि आफ्नो सहभागिता जनाउदै आएको छ । सोही अनुरुप संस्थाको १५ औँ बार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम सञ्चालन गरेको थियो र उक्त कार्यक्रममा ४५ भन्दा बढी सदस्य ज्युहरुले रक्तदान गरी सहभागीता जनाउनुभएको थियो भने आगामी दिनहरुमा पनि यस्ता सामाजिक क्रियाकलापमा सहभागीता जनाउदै जाने व्यहोरा अवगत गराउन चाहन्छु ।

कर्मचारीहरुलाई समयसापेक्ष रुपमा परिवर्तन गर्दै लानका लागि आवश्यक तालिम, सेवा सुविधा तथा वृति विकासमा बृद्धि गर्दै लैजानुको साथै कर्मचारीहरुको कार्य प्रति उत्साह र उत्पेरणाको लागी कर्मचारी नियमावली बमोजिम थप सेवा सुविधाहरु प्रदान गर्दै जाने, सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने व्यवस्था मिलाउने र कर्मचारीलाई अनुशासीत र मर्यादित बनाउन समय सापेक्षीक कार्यालय पोषाकलाई निरन्तरता दिइएको छ । त्यसै गरी संस्था संचालन चुस्त दुरुस्त बनाउनका लागि आर्थिक एबम प्राविधिक सुरक्षालाई मध्ये नजर गरी अत्याधुनिक सफ्टवेयर प्रणाली लागु गर्ने ब्यवश्था समेत गरिएको छ ।

यसै क्रममा यहाँहरु समक्ष आ.ब. ०८०/८१ को लेखापरिक्षण प्रतिवेदन अनुसार संस्थाले प्राप्त गरेको उपलब्धि तथा गतिबिधि बारे प्रकाश पार्न चाहन्छु ।

१६ औं बार्षिक साधारणसभा-२०८१

११ अन्य सम्पत्ति

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	**पेश्की हिसाबः**	-	-
२	कर्मचारी पेश्की	-	-
३	**धरौटी हिसाबः**		
४	कृषी सामाग्री कम्पनी लिमिटेड	१२,०००.००	१२,०००.००
५	नेपाल टेलिकम	२,०००.००	२,०००.००
६	विदुर खानेपानी समिति	७,०००.००	७,०००.००
७	**भुक्तानी पाउनुपर्ने हिसाबः**		
८	अन्य पाउनुपर्ने हिसाब(रेमिट्यान्स कम्पनी)	४३,११०.०२	४३,११०.०२
९	अग्रिम भुक्तानी खर्च	-	-
	जम्मा	**६४,११०.०२**	**६४,११०.०२**

अन्य सम्पत्तिहरुमा ती सम्पत्तिहरु समावेश छन, जुन वित्तीय विवरणहरुमा छुट्टै वर्गीकरण नगरी देखाइएको छ । लिनुपर्ने रकम, अग्रीम भुक्तानी र धरौटी र अग्रीम भुक्तानी भएका कर्मचारी पेश्की रकमहरु अन्य सम्पत्तिमा वर्गीकृत छन् ।

१२ सदस्यहरुबाट संकलन गरिएको निक्षेप

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	दैनिक बचत	१३,३६२,७६२.४६	१२,७९५,५७४.७४
२	मासिक बचत	१६,०९३,२८८.०३	१४,३१५,६३९.०३
३	ऋण भुक्तानी बचत	१०६,७२५.००	१३१,४२५.००
४	साधारण बचत	४,०५५,०९८.४६	२,६९२,१०६.४६
५	बाल बचत	१२६,२६४.००	६३,०२९.००
६	आवधिक बचत	१८,३५८,४५१.००	१५,२१४,६९९.००
७	स्वरोजगार बचत	५१,९७८.००	५४,४९८.००
८	खुत्रुके बाल बचत	४,८२२,५०२.००	७,६६९,९३५.००
९	जनमुखी बचत	१,०८०,३२६.००	१,१३९,०७८.००
	जम्मा	**५८,०५७,३९४.९५**	**५४,०७५,९८४.२३**
२	जोड्नेः भुक्तानी दिन बांकी ब्याज रकम	-	-
	जम्मा	**५८,०५७,३९४.९५**	**५४,०७५,९८४.२३**

१३ कर्मचारी लाभ दायित्व

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	कर्मचारी संचय कोष	२,१९०,३५५.००	१,७८८,६०३.००
	जम्मा	**२,१९०,३५५.००**	**१,७८८,६०३.००**

सहकारी नियमावली अनुसार मुनाफालाई विभिन्न कोषहरुमा बाँडफाँड गर्दा कर्मचारी बोनस कोषमा पनि रकम बाँडफाँड गरिएको छ । कोषमा रहेको रकम साधारण सभाको स्विकृती पछि मात्र वितरण गर्नुपर्ने कानुनी प्रावधानले गर्दा, कर्मचारी बोनस कोषमा रकमलाई कोष अर्न्तगत नै लेखाकंन गरिएको छ । त्यसैगरि रोजगारीको अन्तपछि भुक्तानी हुने संचयकोष बचत रकम सरलीकृत प्रक्रिया अनुसार लागत मुल्यका आधारमा लेखाकंन गरिएको छ ।

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

८.१ आयकर दायित्व गणना

क.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	कर अधिको नाफा (नाफा वा नोक्सान हिसाव अनुसार)	१,०९९,०३८.२५	९७९,६९४.४०
२	**आयमा समाबेश गर्नुनपर्ने रकम**		
३	लाभांश आम्दानी	-	(१४४,३१९.३१)
४	**आयमा समाबेश गर्नुपर्ने रकम**		
५	संस्था विकास कोष सहयोग	-	-
६	अन्य आम्दानी	-	-
७	**आयको गणना गर्दा कट्टी नहुने खर्च**		
८	वित्तिय विवरण अनुसारको ह्रास खर्च	२३८,८३०.६०	-
९	कर्मचारी बोनस व्यवस्था	-	-
१०	गत आ.ब.कर खर्च	-	१,७००.००
११	अमान्य खर्च	१,१२५,०००.००	८५०,०००.००
१२	**आयको गणना गर्दा कट्टी हुने खर्चहरु**		
१३	आयकर व्यवस्था अनुसारको ह्रास खर्च	(२३९,२७९.९२)	-
१४	**नगद भुक्तानी ब्यवस्था खर्चः**		
१५	कर्मचारी बोनस व्यवस्था(गत बर्षको भुक्तानी)	-	-
१६	**करयोग्य आय**	**२,२२३,५८८.९३**	**१,६८७,०७५.०९**
१७	कर दायित्व (१० प्रतिशत)	२२२,३५८.८९	८४,३५४.००
	जम्मा	**२२२,३५८.८९**	**८४,३५४.००**

१० स्थगन कर सम्पत्ति वा दायित्व

क.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
क	**वित्तिय विवरण अनुसार किताबी मुल्य**		
१	सम्पत्ति तथा उपकरण तथा अदृश्य सम्पत्ति	५,९२८,०८७.८३	६,१६०,९१८.४३
२	सदस्यलाई दिएको ऋणमा पाउनुपर्ने ब्याज रकम	-	-
	जम्मा	**५,९२८,०८७.८३**	**६,१६०,९१८.४३**
ख	**आय विवरण अनुसार दावी योग्य रकम**		
१	सम्पत्ति तथा उपकरण	५,९२७,६३८.५१	६,१६०,९१८.४३
२	कर्मचारी बोनस ब्यवस्था	-	-
	जम्मा	**५,९२७,६३८.५१**	**६,१६०,९१८.४३**
१	अस्थाई फरक (ख-क)	(४४९.३२)	-
२	करको दर	१०%	५%
३	आर्थिक बर्ष असार मसान्तको स्थगर कर सम्पत्ति वा (दायित्व)	**(४५.००)**	-
४	गत आर्थिक बर्षको स्थगर कर सम्पत्ति वा (दायित्व)	-	-
५	यस बर्षको थपघट	(४५.००)	-
६	नाफा वा नोक्सानमा लेखाकंन भएको स्थगन कर आम्दानी	(४५.००)	-
७	अन्य विस्तृत आम्दानीमा लेखाकंन भएको स्थगन कर	-	-
८	इक्वीटीमा प्रत्यक्ष लेखाकंन भएको स्थगन कर	-	-
	जम्मा स्थगन कर सम्पत्ति वा (दायित्व)	(४५.००)	-

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

१. **शेयर पूँजी** : आ.व. २०८०/०८१ मा यस सहकारी संस्थाको शेयर पुँजी रु १,७३,७९,८००।०० र शेयर सदस्य ६४४ मध्ये पुरुषको संख्या ४०२ र महिलाको संख्या २४२ रहेको छ ।

२. **निक्षेप** : आ.व. २०८०/०८१ मा यस संस्थाले कुल वचत संकलन मध्ये हाल सम्म बचत फिर्ता गर्न बाँकी वचत रु. ६,०२,४७,७४९।९५ (छ करोड दुई लाख सड्चालिस हजार सात सय उन्नचास रुपैंया पन्नचानब्बे पैसा) रहेको छ ।

३. **ऋण लगानी** : आ.व. २०८०/०८१ मा यस संस्थाले विभिन्न शीर्षकमा लगानी गरेको कुल ऋण रकम मध्ये अशुली हुन बाँकी ऋण रकम रु. ६,८६,५१,३७१।०० (छ करोड छयासी लाख एकाउन्न हजार तिन सय एकहत्तर रुपैंया) लगानीमा रहिरएको देखिन्छ ।

४. **कोषको व्यवस्था** : यस संस्थाले सहकारी मापदण्ड बमोजिम ऋण लगानीको जोखिम व्यवस्थापनको लागी असल ऋणको १ प्रतिशत दरले हुन आउने रु. ५,१४,७३२।०० र खराब ऋणको १०० प्रतिशत दरले हुन आउने रु. ३६,८६,०६४।०० गरि जम्मा रु.४२,००,७९६।०० कर्जा नोक्सानी व्यवस्था कोषमा छुट्टाईएको छ भने यस आ.व. सम्ममा जगेडा कोषमा रु.४५,१३,८८८।९७ र अन्य विभिन्न कोषहरुमा रु.२३,२०,२०६।७० रहेको छ । कोषमा व्यवस्था भए बमोजिम संस्थाको अवस्था राम्रो रहेको छ ।

५. **मौज्दात रकम** : यस संस्थाको आ.व. २०८०/०८१ मा कुल मौज्दात रु.१,२९,४२,०३७।२० रहेको छ भने जसमध्ये बैंक मौज्दात रु.१,१६,६७,०७३।३९ र नगद मौज्दात रु.१२,७४,९६३।८१ रहेको छ ।

६. **नाफा नोक्सानको स्थिति**: यस संस्थाले गत आ.व.२०७९/०८० मा रु.८,९५,३४०।४० खुदनाफा आर्जन गरेकोमा यस आ.व.२०८०/०८१ मा रु.८,७६,६३४।३६ नाफा गर्न सफल भएको छ ।

सभा अध्यक्ष ज्यू तथा शेयर सदस्य महानुभावहरु,

यस सम्माननिय सभामा आ.व.२०८०/०८१ को यथार्थ वित्तिय विवरण र आ.व.२०८१/०८२ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) आ.व.२०८०/०८१ को यथार्थ र आ.व.२०८१/०८२ को अनुमानित शेयर पूँजी, निक्षेप र ऋण लगानी विवरण :

क.सं	विवरण	आ.व.०८०/०८१ को यथार्थ	आ.व.०८१/०८२ को अनुमानित
१	शेयर सस्दय	६४४ जना	७५० जना
२	शेयर रकम	१,७३,७९,८००।००	२,५०,००,०००।-
३	निक्षेप	६,०२,४७,७४९।९५	७,२५,००,०००।-
४	ऋण लगानी	६,८६,५१,३७१।००	८,२५,००,०००।-

(ख) आ.व.२०८०/०८१ को यथार्थ र आ.व.२०८१/०८२ को अनुमानित आम्दानी विवरण :

क्र.सं	विवरण	आ.व.०८०/०८१ को यथार्थ	आ.व.०८१/०८२ को अनुमानित
१	ब्याज आम्दानी	८८,९७,९०७।००	९५,००,०००।००
२	बैंक/वित्तिय संस्थाबाट ब्याज प्राप्त	३,०७,७६५।९८	३,८५,०००।००
३	अन्य संचालन आम्दानी	१०,०४,१७०।८७	१०,१५,०००।००
	जम्मा	१,०२,०९,८४३।८५	१,०९,००,०००।००

(ग) आ.व.२०८०/०८१ को यथार्थ र आ.व.२०८१/०८२ को अनुमानित खर्च विवरण :

क्र.सं	विवरण	आ.व.०८०/०८१ को यथार्थ	आ.व.०८१/०८२ को अनुमानित
१	ब्याज खर्च	४६,७८,५१७।००	५२,७५,०००।००
२	कर्मचारी खर्च	१४,६३,२५४।००	१८,५०,०००।००
३	का.संचालन खर्च	१७,९३,७४९।००	१८,००,०००।००
४	ह्रासकट्टी	२,३८,८३०।६०	२,२५,०००।००
५	कर्जा जोखिम ब्यवस्था	९,३६,५००।००	५,००,०००।००
६	आयकर व्यवस्था	२,२२,३५८।८९	२,२५,०००।००
७	खुद मुनाफा	८,७६,६३४।३६	१०,२५,०००।००
	जम्मा	१,०२,०९,८४३।८५	१,०९,००,०००।००

अत्यमा, आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको अनुमोदनको साथै प्रस्तावित कार्यक्रम बजेट तथा प्रगति प्रतिवेदन माथि आवश्यक सुझाव सहित यस साधारण सभाबाट अनुमोदन गरिदिनु हुनेछ भन्ने विश्वासका साथ आगामी दिनमा यस सहकारी संस्थाको प्रगतिको लागि यहाँहरुको सुझाव एवं सहयोगको अपेक्षा सहित आर्थिक प्रतिवेदन यहिं अन्त्य गर्न चाहन्छु ।

धन्यवाद । सहकारी अभिवादन ।

कोषाध्यक्ष
भवानी पाठक

१६ औं बार्षिक साधारणसभा-२०८१

६.१ कर्जा नोक्सानी ब्यवस्था

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	कर्जा नोक्सानी ब्यवस्था:		
२	आ.ब.शुरुको ब्यवस्था मौज्दात	३,२६४,२९६.००	३,००९,८५१.६१
३	जोड:यस बर्ष थप ब्यवस्था	९३६,५००.००	२५४,४४४.३९
४	न्युन:यस बर्ष ब्यवस्था फिर्ता	-	-
	जम्मा	**४,२००,७९६.००**	**३,२६४,२९६.००**

सहकारीले सहकारी विभागद्वारा निर्देशन भए बमोजिम कर्जा नोक्सानी व्यवस्था गर्ने नीति लिई सोहि अनुसारको कर्जा नोक्सानी ब्यवस्था गर्न प्रयत्नरत रहेका छौं ।

६.२ शिर्षकगत कर्जा सापटीको विश्लेषण

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	ब्याबासायिक/व्यापारिक कर्जा	३६,३६४,३७८.००	३३,९५०,७४३.००
२	कृषी कर्जा	२०,७६०,३८४.००	१९,३२७,१२७.००
३	घरायसि कर्जा	११,३१०,५९३.००	७,८२०,७६८.००
४	ब्यक्तिगत कर्जा	७५,०००.००	७५,०००.००
५	स्वरोजगार कर्जा	१४१,०१६.००	१४१,०१६.००
	जम्मा	**६८,६५१,३७१.००**	**६१,३१४,६५४.००**

७ लगानी हिसाब

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	जिल्ला सहकारी संघ लि.(शेयर खरिद)	३००,०००.००	३००,०००.००
२	राष्ट्रिय सहकारी बैक (शेयर खरिद)	१,०१०,०००.००	१,०१०,०००.००
३	बहुउद्देश्यीय सहकारी संघ लि.,नुवाकोट(शेयर खरिद)	१०,०००.००	१०,०००.००
	जम्मा	**१,३२०,०००.००**	**१,३२०,०००.००**

सूचिकृत नभएको इक्वीटी शेयरहरु लागत मूल्यमा अभिलेखन गरीएको छ, किनभने वित्तीय विवरणको अन्त्य मितिमा यी लगानीका बजार मूल्यलाई प्रतिनिधीत्व गर्ने सबै भन्दा उचित मूल्य नै लागत मूल्य हो । व्यवस्थापनले संस्थासँग भएका सूचिकृत नभएको शेयर लगानीहरुको हानी/नोक्सानी मूल्याङ्कन गरेको छ र लगानी मूल्यमा स्थायी गिरावट भएको प्रमाण नहुँदा हानी/नोक्सानी जरुरी हुँदैन भन्ने निष्कर्श निकालेको छ ।

८ आयकर सम्पत्ति

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	**चालु आयकर सम्पत्ति**	**७१,९१६.०४**	**११०,१०५.१३**
२	गतबर्षहरुको कर सम्पत्ति	२५,७५१.१३	११०,१०५.१३
३	चालु बर्षको आयकर सम्पत्ति	४६,१६४.९१	-
४	**चालु आयकर दायित्व**	**२२२,३५८.८९**	**८४,३५४.००**
५	गतबर्षहरुको कर दायित्व	-	-
६	चालु बर्षको आय कर दायित्व	२२२,३५८.८९	८४,३५४.००
७	**खुद आयकर सम्पत्ति वा दायित्व**	**(१५०,४४२.८५)**	**२५,७५१.१३**

चालु कर सम्पत्तिहरुमा आन्तरिक राजस्व कार्यलयलाई भुक्तान गरिएको किस्ताबन्दी आय कर, स्रोतमा कर कट्टी गरिएको दाबि योग्य रकम तथा पछिल्ला वर्षहरुबाट सारिएका अग्रिम कर भुक्तानी र ती वर्षमा तिर्नु पर्ने आयकर (जुन त्यस वर्षमा प्रयोग हुने कर दर प्रयोग गरेर गणना गरिएको) को खुद रकम समावेश हुन्छन् । त्यस्तै आय कर दायित्वमा आयकर ऐन २०५८ को प्रावधान अनुसार व्यवस्था गरिएको रकम समावेश हुन्छन् ।

SAPKOTA & ASSOCIATES
4463 REGISTERED AUDITOR
BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आ.व. २०८०/८१ को वित्तिय विवरण सम्वन्धि अनुसुचि तथा टिप्पणी

४ नगद तथा नगद समान

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	ढुकुटीमा रहेको नगद मौज्दात	१,२७४,९६३.८१	१,१४५,०१०.८१
२	बैंक तथा वित्तिय संस्था संग रेहेको मौज्दात		
३	**क वर्गका वाणिज्य बैक तथा वित्तिय संस्थामा रहेको मौज्दात**		
४	कृषी विकास बैंक लि.(त्रिशुली शाखा)	७,५००.००	७,५००.००
५	ग्लोबल बैंक लि.(बट्टार शाखा)	५२,४९८.६१	१३,६७०.७१
६	हिमालयन बैंक लि.(बट्टार शाखा)	४७८,११७.४४	२९३,७५७.००
७	**ख वर्गका वाणिज्य बैक तथा वित्तिय संस्थामा रहेको मौज्दात**	-	-
८	**ग वर्गका वित्तिय संस्थामा रहेको मौज्दात**	-	-
९	**घ वर्गका वाणिज्य बैक तथा वित्तिय संस्थामा रहेको मौज्दात**	-	-
१०	**अन्य सहकारी तथा वित्तिय संस्थामा रहेको मौज्दात**	-	-
११	राष्ट्रिय सहकारी बैक लि. (विदुर शाखा)	१०,६०२,८५८.१३	११,६०३,५८६.५३
१२	जिल्ला सहकारी संघ, नवाकोट	५२६,०९९.२१	३२६,०९९.२१
१३	३ महिना भन्दा कम अविधिको मुद्दति मौज्दात	-	-
	जम्मा	**१२,९४२,०३७.२०**	**१३,३८९,६२४.२६**

नगद तथा नगद समानलाई वित्तीय अवस्थाको विवरणमा अपलेखित लागतमा पहिचान गरिन्छ। भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ। तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ। नगद तथा नगद समानमा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्था र सहकारी संघमा रहेको मौज्दातलाई समावेश गरिएको छ।

वित्तीय लगानीलाई तीन वा तीन महिना भन्दा कम परिपक्वता रहेको अवस्थामा नगद तथा नगद समानको रुपमा वर्गीकृत गरिएको छ। यी लगानीहरुमा बैंक तथा वित्तीय संस्था र सहकारी संघसँगको मौज्दात पर्दछन जुन अत्याधिक तरल मानिन्छ र संस्थाले छोटो प्रतिबद्धता प्रबन्ध गर्ने उद्देश्यका लागि राखिएको हुन्छन्।

५ मुद्दती मौज्दात

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	३ महिना भन्दा बढी अविधिको मुद्दति मौज्दात	-	-
	जम्मा	-	-

आर्थिक वर्ष समाप्त भएको तीन महिना पछि परिपक्वता हुने अवस्थामा रहेका वित्तीय संस्था र सहकारी संघमा मुद्दती मौज्दातलाई यसमा देखाइएको छ।

६ सदस्यलाई दिएको ऋण सापटी

क्र.सं.	विवरण	यस बर्ष (रु)	गत बर्ष (रु)
१	ऋण सापटी	६८,६५१,३७१.००	६१,३१४,६५४.००
२	घटाउनेः कर्जा नोक्सानी व्यवस्था	४,२००,७९६.००	३,२६४,२९६.००
	जम्मा	**६४,४५०,५७५.००**	**५८,०५०,३५८.००**
३	जोड्नेः असुल गर्न बाँकी ब्याज	३,९२०,७५०.००	३,३९४,८२९.००
	जम्मा	**६८,३७१,३२५.००**	**६१,४४५,१८७.००**

असुल गर्न बाँकी ब्याज रकममा खराब कर्जाको अशुल हुन बांकी ब्याज, हर्जना तथा जरिवाना को रकम समावेश गरिएको छैन। संस्थाको व्यवस्थापन, उक्त रकम भविष्यमा अशुली हुने नहुनेमा पुर्णरुपमा विश्वस्त नरहेकाले सो रकम समावेश नगरिएको हो।

SAPKOTA & ASSOCIATES
4463
REGISTERED AUDITOR
BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिदुर-४, नुवाकोट

१६ औं बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट संयोजक श्री गोकर्ण कडेल ज्यू द्वारा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

२०८१ मंसिर २९ गते

आदरणीय यस संस्थाका अध्यक्ष एवं यस कार्यक्रमको सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु विभिन्न संघसंस्थाबाट पाल्नुभएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, शेयर सदस्यज्यूहरु, सहकारीकर्मी मित्रहरु, पत्रकार मित्रहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार ज्युहरु, कर्जा लगानी तथा असुली उप-समितिका साथीहरु, कर्मचारी मित्रहरु एवं उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दहरु मा आफ्नो व्यक्तिगत तथा संस्थाको लेखा सुपरिक्षण समितिको तर्फबाट सहकारीको अभिवादन व्यक्त गर्दछु ।

नेपाल सरकारले तनि खम्बे अर्थनितिलाई अंगिकार गरि सहकारीलाई पनि एउटा बलियो खम्बा हो भनी स्वीकार गरेकोछ । बैंक तथा वित्तिय संस्थाहरुको पहुँच नपुगेको वर्गहरुलाइ उहाँहरु कै घरआँगनमा पुगेर बचत संकलन तथा सुलभ ब्याजदरमा ऋण लगा(नी गरि स्वरोजगार सिर्जना गर्दै आएकोछ । सहकारीको माध्यमबाट व्यक्तिमा निहित ज्ञान सिप र अनुभवमा आधारित व्यवसाय गरी आर्थिक टेवा पु-याउनुको साथै उत्पादित वस्तुलाई सोझै उपभोक्ता सम्म पुऱ्याउन सके विचौलियाबाट उपभोक्ता ठगिने समस्याको समाधान हुनसक्छ । सहकारीले बचत तथा ऋणको साथै उत्पादनमुखी तथा व्यावसायमुखी क्षेत्रमा लगानी बढाउनु पर्ने देखिन्छ ।

सहकारी संस्थाको "साधारण सभा" बर्षभरिको कामको मुल्याङ्कन गरि बर्ष भरि गरेका कामको समीक्षा गर्दै आउँदो बर्षको लागी आवश्यक निति निर्माण गर्ने, विनियम संशोधन गर्ने, बर्ष भरि गरेका कामको अनुमोदन गर्ने लगायतका सम्पूर्ण पक्षको बारेमा शेयर सदस्यहरुमा छलफल गरि उहाँहरुको राय सुझावको आधारमा आगामी निति तथा कार्यक्रम निमार्ण गर्ने अधिकार सम्पन्न सभालाई हुन्छ । त्यसैले यस सभालाई सहकारीकर्मीहरुले एउटा महत्वपूर्ण चाड वा उत्सवको रुपमा लिनुपर्नेछ ।

लेखा सुपरिवेक्षण समितिले यस संस्थाको आन्तरिक लेखा परिक्षणको क्रममा प्राप्त भएका विवरणहरुलाई सहकारी सघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन मापदण्ड २०६५ अनुसुची-२ को परिधिभित्र रहेर लेखा समितिको बार्षिक प्रतिवेदन र आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अनुसुची-२
(दफा ११ (४) संग सम्बन्धित)
लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन
आ.व. २०८०/०८१

सहकारी संस्थाको नाम, ठेगानाः जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. विदुर-४, नुवाकोट ।

१) आधिल्लो साभारण सभाको निर्णय कार्यान्वयनको अवस्था : अधिल्लो साधारण सभाका निर्णयहरु मध्ये अधिकांश निर्णय कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको देखिन्छ ।

२) आ. व. २०८०/०८१ मा बसेको संचालक समितिको बैंठक संख्या र निर्णय कार्यान्वयनको अवस्था : यस आ.व मा संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उप समितिहरुको तपशिल बमोजिमको संख्यामा बैठक बसेको पाईयो ।

- संचालक समितिको बैंठक : ९ पटक
- कर्जा लगानी तथा असुली उप-समितिको बैंठक : १६ पटक
- लेखा सुपरिवेक्षण समितिको बैंठक : ४ पटक

३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था : अधिकांश ऋणहरु धितो सुरक्षणमा लगानी गरिएको पाईयो भने अगामी दिनमा सहकारी ऐन र मापदण्ड भित्र रहेर कर्जा लगानी तथा असुली निर्देशिका बनाई ऋण लगानी गर्नुपर्ने देखिन्छ ।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण : अधिकांश कारोबारहरु सहकारी ऐन र मापदण्ड भित्र रहेर गरेको देखिन्छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरुः प्रदेश नियमन निकायबाट अनुगमन नभएता पनि राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघको अनुगमन, आन्तरिक लेखा परिक्षण र लेखा परिक्षकले दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन गरिएको देखिन्छ ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः

६.१ पारिश्रमिक : पदाधिकारीहरुले लिएको छैन ।

६.२ भत्ता : पदाधिकारीहरुले बैठक भत्ता कर कट्टी गरि लिएको छ ।

६.३ अन्य सुविधाहरु : पदाधिकारीहरुले लिएको छैन ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : नभएको ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : नल्याएको ।

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको ।

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तारतम्यता रहेको/नरहेको : रहेको ।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : सहकारी मापदण्ड अनुसार योग्य र सक्षम रहेको ।

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या : लिखित र मौखिक ।

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
स्वामित्वको अंशमा (इक्वीटी) भएको परिर्वतन सम्वन्धी विवरण
आ.व. २०८०/८१

विवरण	शेयर पुंजी (रु)	संचित नाफा नोक्सान (रु)	साधारण जगेडा कोष (रु)	अन्य कोष (रु)	कुल रकम (रु)
आ.ब. २०७९।८० को शुरु मौज्दात	१३,७५८,८००.००	-	४,०७०,८९५.२८	१,४६८,११३.३३	१९,२९७,८०८.६१
समायोजन					-
समायोजित शुरु मौज्दात	१३,७५८,८००.००	-	४,०७०,८९५.२८	१,४६८,११३.३३	१९,२९७,८०८.६१
आ.ब. २०७९।८० को थपघट	३,००२,४००.००			(२५३,६११.९८)	२,७४८,७८८.०२
आ.ब. २०७९।८० नाफा(नोक्सान)		८९५,३४०.४०			८९५,३४०.४०
अन्य कोषमा बाँडफाँड		(८९५,३४०.४०)	२२३,८३५.१०	६७१,५०५.३०	-
आ.व. २०७९।८० सम्मको अन्तिम मौज्दात	**१६,७६१,२००.००**	**-**	**४,२९४,७३०.३८**	**१,८८६,००६.६५**	**२२,९४१,९३७.०३**
समायोजन					-
समायोजित शुरु मौज्दात	१६,७६१,२००.००	-	४,२९४,७३०.३८	१,८८६,००६.६५	२२,९४१,९३७.०३
आ.ब. २०८०।८१ को थपघट	६१८,६००.००			(२२३,२७५.७२)	३९५,३२४.२८
आ.ब. २०८०।८१ नाफा(नोक्सान)		८७६,६३४.३६			८७६,६३४.३६
अन्य कोषमा बाँडफाँड		(८७६,६३४.३६)	२१९,१५८.५९	६५७,४७५.७७	-
आ.व. २०८०।८१ सम्मको अन्तिम मौज्दात	**१७,३७९,८००.००**	**-**	**४,५१३,८८८.९७**	**२,३२०,२०६.७०**	**२४,२१३,८९५.६७**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आ.ब. २०८१ साल आषाढ मसान्तको
कोष बाँडफाँड हिसाब

विवरण	रकम
यस बर्षको खुद नाफा	८७६,६३४.३६

कोषको नाम	प्रतिशत	गत आ.ब.सम्म बांकी	यस वर्ष वितरण/खर्च	गत आ.ब.को बांकी	यस आ.ब. मा थप	यस आ.ब. मा बांकी
साधारण जगेडा कोष	२५ प्रतिशत	४,२९४,७३०.३८	-	४,२९४,७३०.३८	२१९,१५८.५९	४,५१३,८८८.९७
संरक्षित पुंजि फिर्ता कोष	२५ प्रतिशत	१६७,८७६.३३	(१४८,२३५.००)	१९,६४१.३३	१६४,३६८.९४	१८४,०१०.२७
सहकारी प्रवर्द्धन कोष	०.५ प्रतिशत	१२,५११.३२	-	१२,५११.३२	३,२८७.३८	१५,७९८.७०
शेयर लाभांश कोष	३५ प्रतिशत	४३१,८२०.३६	-	४३१,८२०.३६	१७१,४३६.७९	६०३,२५७.१५
कर्मचारी बोनस कोष	१५ प्रतिशत	७५,०४०.७२	(७५,०४०.७२)	-	७३,४७२.९२	७३,४७२.९२
सहकारी शिक्षा कोष	१० प्रतिशत	२३८,३८४.१०	-	२३८,३८४.१०	४८,९८१.९५	२८७,३६६.०५
संस्था बिकास कोष	१० प्रतिशत	१४५,००२.४३	-	१४५,००२.४३	४८,९८१.९५	१९३,९८४.३८
घाटा पुर्ति कोष	१० प्रतिशत	३३५,००३.३९	-	३३५,००३.३९	४८,९८१.९५	३८३,९८५.३४
सामुदायिक बिकास कोष	५ प्रतिशत	६९,५०२.९२	-	६९,५०२.९२	२४,४९०.९७	९३,९९३.८९
अन्य जोखिम व्यवस्थापन कोष	५ प्रतिशत	६९,५०२.९२	-	६९,५०२.९२	२४,४९०.९७	९३,९९३.८९
सदस्य कल्याण तथा हित कोष	१० प्रतिशत	३४१,३६२.१६		३४१,३६२.१६	४८,९८१.९५	३९०,३४४.११
जम्मा		**६,१८०,७३७.०३**	**(२२३,२७५.७२)**	**५,९५७,४६१.३१**	**८७६,६३४.३६**	**६,८३४,०९५.६७**

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
मिति २०८०।०४।०१ देखि २०८१।०३।३१ सम्मको
अन्य विस्तृत आम्दानी को विवरण

विवरण	टिप्पणी	यस बर्ष (रु)	गत बर्ष (रु)
यस बर्षको मुनाफा		८७६,६३४.३६	८९५,३४०.४०
आयकर पछिको अन्य विस्तृत आम्दानी			
क) नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिने बुंदाहरु			
उचित मुल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)		-	-
पुन:मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान)		-	-
परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान)		-	-
माथि उल्लेख गरिएका बुँदाहरूको आयकर		-	-
नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिएका खुद अन्य विस्तृत आम्दानी		-	-
ख) नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने बुंदाहरु			
नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान)		-	-
वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान)		-	-
माथि उल्लेख गरिएका बुँदाहरूको आयकर		-	-
नाफा/नोक्सानमा वर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी		-	-
नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने खुद अन्य विस्तृत आम्दानी		-	-
आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी		-	-
यस बर्षको कुल विस्तृत आम्दानी		८७६,६३४.३६	८९५,३४०.४०
यस बर्षको कुल विस्तृत आम्दानी को बाँडफाँड			
शेयरधनि		८७६,६३४.३६	८९५,३४०.४०

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

SAPKOTA & ASSOCIATES
REGISTERED AUDITOR
BALAJU, KTM

७.६.१ करार : नभएको ।

७.६.२ अस्थायी : ६ जना

७.६.३ स्थायी : नभएको ।

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था : सुझावहरुको आंशिक कार्यान्वयन देखिन्छ ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- **यस संस्थाको सदस्यहरुको दुखत निधन हुँदा उहाँहरुको घरमा गएर समवेदना प्रकट गर्नुको साथै अन्तिम संस्कार खर्च स्वरुप प्रति सदस्य रु.७,०००। को दरले मृतकका परिवार लाई प्रदान गर्ने र सदस्य सुत्केरी पोषण खर्च रु.२,०००। प्रदान गर्ने कामलाई यथावत गरिएको तर यस आ.व. मा खर्च नभएको र खुत्रुके बचत योजना अन्तरगत ८१ जना बालबालिकाहरुलाई बर्थडे उपहार स्वरुप बर्थडे केक प्रदान गरिएको देखिन्छ ।**
- **मिति २०८० पौष २२ गते संस्थाको १५ औं बार्षिकोत्सवको अवसरमा बृहत रक्तदान कार्यक्रम संचालन गरिएको र यस कार्यक्रममा ४५ जना दाताहरुले रक्तदान गर्नुभएको देखिन्छ ।**
- **आन्तरिक लेखापरिक्षणको क्रममा हिसाब चेकजाँच गर्दा व्यवस्थापक र कर्मचारीबाट सोधिका प्रश्नहरुको जवाफ सन्तोषजनक पाइयो । खर्चमा मितव्ययीता रहेता पनि खर्च बजेट निर्माण गरि गर्नुपर्ने देखिन्छ । संचालक समिति, लेखा सुपरिवेक्षण समिति र उप समितिले बैठक भत्ता करकट्टी गरि लिएको पाईयो ।**

१०. लेखा समितिको सुझावहरु :

- **शेयर सदस्यहरुलाई नियमित बचत गर्न लगाउनुको साथै सर्म्पुण कारोबार आफ्नो संस्थाबाट नै गर्न अभिप्रेरित गर्नु हुन ।**
- **कर्जा लगानी गर्दा धितो सुरक्षण बाट मात्र लगानी गर्न, धितोको मुल्याङ्कन परामर्शदाताबाट गर्न, कर्जा लगानी निर्देशिका बनाई गर्न र भाका नाघेका ऋणीहरुको सुची तयार गरि नियमित रुपमा अनुगमन गरि संस्थाको विनियम र नेपाल सरकारको कानुन बमोजिम असुली प्रकृया अगाडी बढाउनु पर्ने देखिन्छ । साथै जोखिम कोषालाई थप बलियो बनाउन र सदस्यहरुको वर्गिकरण गर्नु हुन यस लेखा समिति निर्देशित गर्दछ ।**
- **संचालक समिति, लेखा समिति, उप–समितिहरु, सल्लाहकारहरु, शेयरसदस्यहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने तालिमको व्यवस्था गर्नुहुन र आवश्यता अनुसार संयुक्त बैठक बसि रणनितिक योजना तयार पार्नुहुन यस लेखा समिति अनुरोध गर्दछ ।**
- **संचालक समितिका पदाधिकारी र सदस्यहरुलाई नियमित बैठकमा उपस्थित हुन र केही सदस्यहरु नियमित बैठकमा नआएको र संचालक समिति बैठकको अन्तर ४५ दिन भन्दा बढि भएको पाइयो ।**
- **संस्थाले सहकारी संस्था एकिकरणको बिषयमा पटक पटक निर्णय भएता पनि एकिकरण को प्रकिया शुरु नभएको पाईयो । यदि संस्थालाई सबल र सक्षम बनाउने हो भने उद्देश्य**

मिल्ने सहकारीहरु संग एकिकरण गरि वा पुँजी वृद्धि गरि संस्थालाई थप सबल बनाउनु पर्ने ।

- कर्मचारी नियुक्ति गर्दा भर्ना प्रकिया पारदर्शी र प्रतिस्पर्धी भएको पाईयो । तर कर्मचारी प्रशासन नियमावली भने प्रयोग भएको पाइएन । श्रम ऐन बमोजिम कर्मचारीको नियुक्ति र पारिश्रमिकको व्यवस्थापन गर्नुहुन ।
- फिल्ड साहायक कर्मचारीहरुले संकलन गरेको वचत रकम नियमित रुपमा संकलन नभएको र संकलित रकम संस्थामा दाखिला भएको समयको अन्तर पाईयो यसको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- बार्षिक योजना तथा बजेट निमार्ण गरि सो बमोजिम खर्च गर्ने व्यवस्था गर्नु हुन ।
- संस्थाको लगानी सुरक्षा गर्न ऋणी बिमा, ढुकुटी बिमा, सदस्य बिमा लगायतका आवश्यक बिमाहरु गर्नुहुन ।
- बार्षिक साधारण सभामा गरिएका निर्णयहरु पुर्ण रुपमा कार्यान्वयन गर्नुहुन र सभामा नियमित अनुपस्थित सदस्यहरुको विवरण तयार गर्नुहुन ।
- संस्थाको भवन निर्माण कार्य सम्पन्न भएकोले घर भाडामा दिने व्यवस्था गर्नुहुन ।
- सामाजिक सेवा अन्तरगत महिला, दलित, असहाय, अशक्त, न्युनआय भएका समुह र फरक क्षमता भएका हरुलाई लक्षित सामाजिक सेवा कार्यक्रम संचालन गर्नुहुन ।
- संस्थाको कार्यक्षेत्र भन्दा बाहिर रहेका सदस्यहरु संगको कारोबारलाई सहकारी ऐन बमोजिम गर्नु हुन ।
- संस्थामा शेयर रकम थप वा फिर्ता नियमअनुसार गर्नु हुन र निष्कृय खाताहरुलाई अध्यावधि गर्नु हुन ।
- संस्थामा नियमित वचत कारोबार नगर्ने सदस्यहरुलाई ऋण लगानी नगर्नु हुन र पुरानो ऋणमा ऋण थप गर्दा संचालक समितिबाट निर्णय गर्नु हुन ।
- संस्थाको नियमअनुसार अशुली नभएका ऋणीहरुको ऋण अशुली गर्दा लिईने ब्याज/हर्जना छुट गर्दा आवश्यक निति बनाई गर्नु हुन ।
- संस्थाको ऋण लगानी गर्दा गरिने तमसुकमा कम्तिमा २ जना साक्षीको अनिवार्य दस्तखत गर्नु हुन ।

अन्तमा, हाल देशका कतिपय सहकारी संस्थाहरुमा देखिएको समस्या र सहकारी क्षेत्रमा देखिएका वर्तमान कठिन परिस्थितिमा पनि यस संस्थालाई अग्रणी सहकारी संस्थाको रुपमा पहिचान गराउन सफल बनाउनु हुने तमाम शेयर सदस्यहरु लगायत सम्पूर्ण व्यक्तित्वहरु एवं संघ संस्थाहरु प्रति कृतज्ञता ज्ञापन गर्दै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै लेखा सुपरिवेक्षण समितिको तर्फबाट पेश प्रतिवेदन सुझाव सहित पारित गरिदिनु हुनेछ भन्ने अपेक्षाका साथ विदा लिन चाहन्छु । सहकारी अभिवादन ।

गोर्कण कडेंल
लेखा सुपरिवेक्षण समिति संयोजक

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
बिदुर ४, विदुर, नुवाकोट
आ.ब. २०८१ साल आषाढ मसान्तको
नगद प्रवाह बिबरण

विवरण	टिप्पणी	यस बर्ष (रु)	गत बर्ष (रु)
क.संचालन गतिविधिबाट नगद प्रवाह:			
आयकर ब्यवस्था अघिको नाफा		१,०९९,०३८.२५	९७९,६९४.४०
समायोजन:			
लाभाशं आम्दानी		–	(१४४,३१९.३१)
ह्रासकट्टी		२३८,८३०.६०	२६०,३८८.११
कर्जा नोक्सानी व्यवस्था		९३६,५००.००	२५४,४४४.३९
बाह्य ऋणको ब्याज खर्च		–	–
संचालन सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन:			
निक्षेप हिसाबमा वृद्धि (कमी)		३,९८१,४१०.७२	(२,२२१,२९६.२८)
अन्य दायित्वमा वृद्धि (कमी)		४१४,३६०.००	(९९१,४२५.३९)
कर्मचारी लाभ दायित्वमा वृद्धि (कमी)		४०१,७५२.००	३६८,१४९.००
आयकर सम्पत्तिमा (वृद्धि) कमी		३८,१८९.०९	१७,०६७.०३
ऋण सापटीमा कमी(वृद्धि)		(७,३३६,७१७.००)	३,२१०,६५९.००
अशुल गर्न बांकी ब्याजमा कमी(वृद्धि)		(५२५,९२१.००)	१,११०,२६१.००
अन्य सम्पत्ति कमी(वृद्धि)		–	–
आयकर भुक्तानी अघि संचालन गतिविधिबाट नगद प्रवाह		**(७५२,५५७.३४)**	**२,८४३,६२१.९५**
घटाउने:			
आयकर भुक्तानी		(८४,३५४.००)	(६९,९३९.००)
		(८३६,९११.३४)	**२,७७३,६८२.९५**
ख.लगानी कारोवारबाट नगद प्रवाह:			
सम्पत्ति तथा उपकरण खरिद		(६,०००.००)	–
सम्पत्ति तथा उपकरण विक्रि		–	–
अदृश्य सम्पत्ति (खरिद) विक्रि		–	–
लगानी हिसाबमा कमी (वृद्धि)		–	११५,९००.००
लाभाशं आम्दानी		–	१४४,३१९.३१
		(६,०००.००)	**२६०,२१९.३१**
ग.वित्तीय कारोवारबाट नगद प्रवाह:			
चुक्ता शेयर पुंजीमा भएको वृद्धि(शेयर फिर्ता)		६१८,६००.००	३,००२,४००.००
ऋण दायित्वमा वृद्धि (कमी)		–	–
लाभांश भुक्तानी		–	–
कोषहरुको वितरण समायोजन		(२२३,२७५.७२)	(२५३,६११.९८)
		३९५,३२४.२८	**२,७४८,७८८.०२**
कुल गतिविधिबाट नगद प्रवाह(क+ख+ग)		(४४७,५८७.०६)	५,७८२,६९०.२८
यस आर्थिक वर्षको शुरुको बैंक तथा नगद मौज्दात		१३,३८९,६२४.२६	७,६०६,९३३.९८
यस आ.ब.को अन्त्यको कुल बैंक तथा नगद मौज्दात		**१२,९४२,०३७.२०**	**१३,३८९,६२४.२६**

SAPKOTA & ASSOCIATES
4463
REGISTERED AUDITOR
BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बिदुर ४, विदुर, नुवाकोट

मिति २०८०।०४।०१ देखि २०८१।०३।३१ सम्मको

आय व्यय(नाफा वा नोक्सान) विवरण

विवरण	टिप्पणी	यस बर्ष (रु)	गत बर्ष (रु)
ब्याज आम्दानी	१८	८,८९७,९०७.००	७,४९३,७४१.००
ब्याज खर्च	१९	४,६७८,५१७.००	४,६१४,७४०.००
खुद ब्याज आम्दानी		**४,२१९,३९०.००**	**२,८७९,००१.००**
बैंक तथा वित्तिय संस्थाबाट प्राप्त ब्याज आम्दानी	२०	३०७,७६५.९८	३८५,८५०.७९
खुद ब्यापारिक आम्दानी		-	-
अन्य संचालन आम्दानी	२१	१,००२,८०३.७९	८७५,२१८.००
कुल संचालन आम्दानी		**५,५२९,९५९.७७**	**४,१४०,०६९.७९**
कर्जा नोक्सानी व्यवस्था खर्च/(फिर्ता आम्दानी)	२२	९३६,५००.००	२५४,४४४.३९
खुद संचालन आम्दानी		**४,५९३,४५९.७७**	**३,८८५,६२५.४०**
संचालन खर्च			
कर्मचारी खर्च	२३	१,४६३,२५४.००	१,४१९,३८५.४१
प्रसाशनिक खर्च	२४	१,७९३,७०४.००	१,४७५,२०२.००
ह्रासकट्टी तथा परिशोधन खर्च	२५	२३८,८३०.६०	२६०,३८८.११
संचालन नाफा वा नोक्सान		**१,०९७,६७१.१७**	**७३०,६४९.८८**
गैर संचालन आम्दानी	२६	१,३६७.०८	२४९,०४४.५२
आयकर अघिको नाफा		**१,०९९,०३८.२५**	**९७९,६९४.४०**
कर खर्च	२७		
चालु आयकर		२२२,३५८.८९	८४,३५४.००
स्थगन कर खर्च/(आम्दानी)		४५.००	-
खुद नाफा वा (नोक्सान)		**८७६,६३४.३६**	**८९५,३४०.४०**

SAPKOTA & ASSOCIATES
4453
REGISTERED AUDITOR
BALAJU, KTM

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

D.Sapkota & Associates
Registered Auditors

ICAN Membership No:543
COP No:2082 "B"
PAN No:301512585
Regd. No: 4453

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को आ.ब. २०८०।८१ को वित्तीय बिबरण उपर स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

आदरणीय शेयर शदस्य महानुभावहरु,

कैफियत सहितको मन्तव्य

हामीले **श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, विदुर-४, नुवाकोटको** (यस पछि "संस्था" भनिएको) को यसै साथ संलग्न २०८१ आषाढ ३१ मितिको वित्तिय विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नाफा नोक्सान बाडंफांड हिसाब, नगद प्रवाह विवरण, इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

मन्तव्यको आधार शिर्षक अन्तर्गत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम् जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा सहकारी संस्थाको मिति २०८१ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अत्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण इक्यिुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानुनका अधिनमा रही नेपाल लेखामान बोर्डद्धारा जारी भएको तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा लागु गरिएको साना तथा मझौला निकायलाई लागु हुने नेपाल वित्तिय प्रतिवेदनमान (NFRS for SMEs) अनुसार सही र यर्थाथ चित्रण गर्दछ ।

मन्तव्यको रायको आधारः

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । हाम्रो प्रतिबेदनमा वित्तीय प्रतिबेदनको लेखापरीक्षणका लागि लेखापरीक्षको जिम्मेबारी खण्डमा थप हाम्रो जिम्मवारी बर्णन गरीएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गलत गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ ।

कैफियत रायका आधारहरु निम्न अनुसार रहेका छन् ।

- संस्थाले साना तथा मझौला निकायलाई लागु हुने नेपाल वित्तिय प्रतिवेदनमान (NFRS for SMEs) अनुसार वित्तिय विवरण तयार परिएता पनि सोको कतिपय ब्यवस्थाहरु (कर्मचारी लाभ दायित्व, ब्याज आम्दानी, लगानी सम्पत्ति आदी) पुर्ण रुपमा पालना गरिएको पाइएन ।
- सहकारी विभागको निर्देशन अनुसार नगदमा प्राप्त भएको ब्याज रकमलाई मात्र ब्याज आम्दानी स्वरुप लेखाकंन गरिएकाले, यस आर्थिक बर्षमा पाकिसकेको तर नगदमा प्राप्त नभएको ब्याज रकम लाई पाउर्नुपर्ने ब्याज र ब्याज मुल्तवीका रुपमा लेखाकंन गरिएकले मुनाफामा कमि भएको देखिन्छ ।
- आर्थिक बर्ष २०८०।८१ असार मसान्तमा, कर्जा व्यवस्था नोक्सानी संस्थाको व्यवस्थापनले म्यानुअल तरिकाबाट निर्धारण गरिएकोले सोको एक रुपता संहकारी मापदण्ड अनुसार हुन सक्नेमा हामी पुर्ण विस्वस्त हुन नसकिएकाले मुनाफामा असर गर्ने देखिन्छ ।
- संस्थाले बोनस ऐन २०३० संशोधन सहित अनुसार कर अधिको शुद्ध वचत (नाफा) को १० प्रतिशतले हुने रकम कर्मचारी बोनस कोषमा नछुट्याई, सहकारी नियमावली २०७५ अनुसार कर पछिको खुद नाफाबाट नियम अनुसार जगेडा कोष, संरक्षित पुंजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोषमा रकम वितरण गरेपछिको रकमको १५ प्रतिशतका दर ले कर्मचारी बोनस कोषमा रकम छुट्याएको देखिन्छ । जसले गर्दा, नाफामा रकममा बृद्धि भएको देखिन्छ ।

मुख्य लेखापरिक्षण व्यहोराहरुः

मुख्य लेखापरीक्षण व्यहोराहरू ती विषयहरू हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसँग सबैभन्दा महत्त्वपुर्ण थिए । यी व्यहोराहरुको सम्बोधन सम्पुर्ण वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सुचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

सुचना प्रविधि प्रणाली	लेखापरीक्षकको सम्बोधन
संस्थाको प्राय सबै कारोबारहरु सुचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोटिङ हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाइ मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं ।	हामीले नमूनाको आधारमा कम्प्युटर सिस्टमका विवरणहरु चेक जाँच गयौं । हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । साथै कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति तयार गरि कार्यान्वयन गर्नुपर्ने ठान्यौ ।

अन्य विषय बस्तुः

लेखापरिक्षणका क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रण संग सम्वन्धि कमीकमजोरीहरु तथा सोको निराकारणका लागी दिइएका सुझावहरु (प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन) प्रति यहांहरुको ध्यानाकर्षण गर्दछौं ।

वित्तीय विवरणप्रति व्यवस्थापनको उत्तरदायित्वः

साना तथा मझौला निकायलाई लागु हुने नेपाल वित्तिय प्रतिवेदनमान (NFRS for SMEs),सम्बन्धित ऐन अन्य नियम कानुन अभ्यास अनुरुप वित्तीय विवरण तयार गर्ने तथा नियम अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । संचालक समिति सहकारी संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखादेखाको लागि जिम्मेवारी छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पुर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभुत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्त्ता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अप्रेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बिदुर ४, विदुर, नुवाकोट

आ.ब. २०८१ साल आषाढ मसान्तको

वित्तिय अवस्थाको विवरण (वासलात)

विवरण	टिप्पणी	यस बर्ष (रु)	गत बर्ष (रु)
सम्पत्ति			
नगद तथा नगद समान	४	१२,९४२,०३७.२०	१३,३८९,६२४.२६
मुद्दती मौज्दात	५	-	-
सदस्यलाई दिएको ऋण सापटी	६	६८,३७१,३२५.००	६१,४४५,१८७.००
लगानी हिसाब	७	१,३२०,०००.००	१,३२०,०००.००
आयकर सम्पत्ति	८	-	२५,७५१.१३
सम्पत्ति तथा उपकरण	९	५,९२८,०८७.८३	६,१६०,९१८.४३
अदृश्य सम्पत्ति	९	-	-
अन्य सम्पत्ति	११	६४,११०.०२	६४,११०.०२
जम्मा सम्पत्ति		**८८,६२५,५६०.०५**	**८२,४०५,५९०.८४**
दायित्व			
सदस्यबाट निक्षेप	१२	५८,०५७,३९४.९५	५४,०७५,९८४.२३
आयकर दायित्व	८	१५०,४४२.८५	-
स्थगन कर दायित्व	१०	४५.००	-
कर्मचारी लाभ दायित्व	१३	२,१९०,३५५.००	१,७८८,६०३.००
अन्य दायित्व	१४	४,०१३,४२६.५८	३,५९९,०६६.५८
जम्मा दायित्व		**६४,४११,६६४.३८**	**५९,४६३,६५३.८१**
इक्विटी			
शेयर पुँजी	१५	१७,३७९,८००.००	१६,७६१,२००.००
साधारण जगेडा कोष	१६	४,५१३,८८८.९७	४,२९४,७३०.३८
अन्य कोषहरु	१७	२,३२०,२०६.७०	१,८८६,००६.६५
जम्मा इक्विटी		**२४,२१३,८९५.६७**	**२२,९४१,९३७.०३**
जम्मा दायित्व तथा इक्विटी		**८८,६२५,५६०.०५**	**८२,४०५,५९०.८४**
सम्भावित दायित्व र प्रतिवद्धता		-	-
प्रति शेयर कुल सम्पत्ति मुल्य		५०९.९३	४९१.६४

प्रबन्धक	कोषाध्यक्ष	ले.सु.स संयोजक	अध्यक्ष	लेखापरीक्षक
(भोजराज पनेरु)	(भवानी पाठक)	(गोकर्ण कडेल)	(इन्द्रमणी गैरे)	(दशरथ सापकोटा)

- संस्थाले विनियम,आन्तरिक निति नियम, कार्यविधिहरु, प्रचालित ऐन, नियम, निर्देशिका अनुसार समय सापेक्ष परिमार्जन गरि कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।
- संस्थाले गत बर्ष छुट्याइएको सहकारी प्रवर्द्धन कोषको रकम भुमि व्यवस्था, गरिवी निवारण तथा सहकारी मन्त्रालयले तोकेको बैंक खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।
- संस्थाले नया सदस्यता विस्तार गर्दा तोकिएको ढाँचाको सदस्य पहिचान फाराम संचालनमा ल्याउनु पर्ने देखिन्छ । साथै, सो फाराम भर्न आवश्यक पर्ने सवै कागजातहरु लिई व्यक्तिगत फाइल बनाई सुरक्षित रुपमा राख्नुपर्ने देखिन्छ ।
- संस्थाले शेयर सदस्यता वितरण, शेयर रकम थप तथा शेयर फिर्ता वा खारेज/बचत खाता बन्द गर्दा सदस्यहरुसंग निवेदन माग गरि संचालक समितिको अख्तियारीमा संस्थाको अधिकारिक व्यक्तिले हस्ताक्षर गरि प्रमाणित गरे पश्चात मात्र शेयर सदस्यता वितरण, शेयर रकम थप, फिर्ता वा खारेज तथा बचत खाता बन्द गर्नुपर्ने देखिन्छ ।
- सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र नियमावली २०६६ र सहकारीको लागि जारी भएका सम्बन्धित निर्देशनहरुमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्नुपर्ने देखिन्छ । साथै, संस्थाले सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका समय सापेक्ष परिमार्जन गरि सदस्यहरुको कारोवार जोखिम समेत वर्गिकरण गर्नुपर्ने देखिन्छ । कृषी,भुमि व्यवस्था तथा सहकारी मन्त्रालयले निर्माण गरेको सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली(COPOMIS)मा नियमित रुपमा मासिक विवरण तथा अन्य आवश्यक विवरणहरु प्रविष्टि गर्नुपर्ने देखिन्छ ।
- संस्थाको वित्तिय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) अनुगमन विधि पुर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।
- संस्थाले बचत तथा ऋणको कारोबारका साथै अन्य बहुउद्देश्यीय कार्यहरुमा पनि जोड दिनुपर्ने देखिन्छ ।

SAPKOTA & ASSOCIATES 4463 REGISTERED AUDITOR BALAJU, KTM

मिति:२०८१।०८।०५
स्थान:नुवाकोट
युडिन:241120RA005438rHVL

आर.ए. दशरथ सापकोटा
प्रोपाइटर
डि.सापकोटा एण्ड एसोसिएट्स

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने सस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्वन्धि खुलासाहरुको मुल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसंग सम्बन्धित सारभुत अनिश्चितताको कारणले संस्थाको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेकमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त,

लेखापरीक्षण कार्योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपुर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।

शुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानुनी तथा नियामक निकायको आबश्यकता सम्वन्धि प्रतिवेदनः

माथी उल्लेखित व्यहोराका अतिरित्त, सहकारी ऐन २०७४, नियमावली २०७५ तथा सहकारी विभाग द्वारा जारी मापदण्ड तथा निर्देशन बमोजिम देहाएका बमोजिमका थप प्रतिवेदन पेश गर्दछौ ।

- हामीले लेखापरीक्षणको शिलशिलामा आबश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराको सन्तोसजनक जवाफ पाएका छौं ।
- संस्थाले सहकारी ऐन २०७४, नियमावली २०७५ तथा सहकारी विभाग द्वारा जारी मापदण्ड तथा निर्देशन बमोजिम आफ्नो कारोबारको यर्थाथ स्थिती सपष्ट हुने गरी लेखा राखेको छ ।
- मन्तव्यको आधार शिर्षक अर्न्तगत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक, यसै प्रतिबेदनको साथ संलग्न बित्तिय स्थिती बिबरण (वासलात), नाफा नोक्सान बिबरण र नगद प्रबाह विवरणले सारवान रुपमा प्रचलित कानुन बमोजिम निर्दीष्ट गरेको साना तथा मझौला निकायलाई लागु हुने नेपाल वित्तिय प्रतिवेदनमान (NFRS for SMEs) अनुरुप, सारवान रुपमा संस्थाले राखेको लेखा संग दुरुस्त रहेको छ ।

- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण ,व्याख्या र सुचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधी वा कुनै कर्मचारीले कानुन बिरुद्ध लेखा संग संम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पति हिनामिना गरेको वा संस्थालाई हानी नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।
- शेयर सदस्य बनाउँदा कार्यक्षेत्र बाहिरको नागरिकता भएका सदस्य (अस्थाई बसोबास गर्ने को हकमा, कार्यक्षेत्र भित्र बसोबास गरिरहेको प्रमाणित हुने कागजातहरु पुर्ण रुपमा अद्यावधिक भईनसकेकोले, सो सम्बन्धि एकिन गर्न सकिएन ।
- संस्थाले श्रम ऐन २०७४ मा उल्लेख भए अनुसारको न्युनतम पारिश्रमिक, संचित विदा, उपदान, औषधि उपचार विमा, दुर्घटना विमा लगायतको सेवा सुविधा प्रदान गर्नुपर्ने देखिन्छ । साथै, संचयकोष बापत भुक्तान गरेको रकम लाई सामाजिक सुरक्षा कोष वा कर्मचारी संचयकोष वा नागरिक लगानी कोष वा अन्य कुनै स्वीकृत वा अस्वीकृत अबकाश कोषमा जम्मा नगरी संस्थामा नै राखी, सो रकममा वार्षिक ११ प्रतिशतका दरले व्याज प्रदान गरेको देखिन्छ ।
- संस्थाले बोनस ऐन २०३० संशाधन सहित अनुसार कर अघिको शुद्ध बचत (नाफा) को १० प्रतिशतले हुने रकम कर्मचारी बोनस कोषमा नछुट्याई, सहकारी नियमावली २०७५ अनुसार कर पछिको खुद बचतबाट नियम अनुसार जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोषमा रकम वितरण गरेपछिको रकमको १५ प्रतिशतका दर ले कर्मचारी बोनस कोषमा रकम छुट्याएको देखिन्छ । साथै गत बर्ष कर्मचारी बोनस कोषमा छुट्याइएको रु ७५,०४०.७२ यस वर्ष वितरण गरेको देखिन्छ ।
- संस्थाले आफ्नो कार्यालयमा रहने नगद, मार्गस्थल नगद तथा कार्यालयको सरसामान तथा कर्मचारीहरुको सामुहिक जोखिम तथा दुर्घटना विमा गर्नुपर्ने देखिन्छ । साथै, दैनिक नगद मौज्दात प्रमाणित हुने गरि दैनिक नगद पुस्तिका राख्नुपर्ने देखिन्छ। नगद मौज्दात तथा संस्थामा भएका अन्य सम्पत्तिहरुको समय समयमा भौतिक परिक्षण गरि चुस्त दुरुस्त(अध्यावदिक) जिन्सी खाता राख्नु पर्ने देखिन्छ ।
- संस्थाले यस आर्थिक बर्षमा संरक्षित पुंजी फिर्ता कोषमा रहेको रकम बाट रु १,४८,२३५.०० र सहकारी शिक्षा तथा तालिम कार्यक्रम खर्च अर्न्तगत रु ११,२५,००० शेयर शदस्यहरुलाई वितरण गरेको देखिन्छ । तर, संरक्षित पुंजी कोषको रकम वितरण गर्दा कारोबारको आधार लाई पुर्ण रुपमा पालना गरेको पाइएन । त्यसैगरि, माथी उल्लेखित शिक्षा तथा तालिम कार्यक्रम खर्च रकम वितरण गर्दा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको हाम्रो जानकारीमा आएन । तर, सहकारी शिक्षा तथा तालिम खर्च रकम लाई आयकर प्रयोजनका लागी अमान्य खर्च मानि आयकर दायित्व गणना गरिएको छ ।
- ऋण नोक्सानी व्यवस्था गर्दा संस्थाले सहकारी ऐन बमोजिम असुल हुन बाँकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- संस्थाले आफ्नो सदस्यहरुलाई ऋण लगानी गर्दा संस्थाको कुल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्नुपर्ने देखिन्छ । साथै, नयाँ सदस्यहरुलाई संस्थाको सदस्य बनी नियमित रुपमा तिन महिना सम्म बचत गरेपछि मात्र कर्जा लगानी गर्नुपर्ने देखिन्छ ।
- संस्थाले आफ्नो सदस्यहरुलाई ऋण लगानी गर्दा कर्जा तमसुक, धितो सुरक्षण संम्वन्धि कागजातका साथै, अन्य आवश्यक कागजात हरु अद्यावदिक गरि व्यक्तिगत कर्जा फाइल सुरक्षित रुपमा राख्नु पर्ने देखिन्छ । विना धितो कर्जा, व्यक्तिगत तथा सामुहिक जमानीको आधारमा मात्र लगानी गर्नुपर्ने देखिन्छ । संस्थाले गरेको कर्जा लगानीमा, खराब कर्जा को मात्रा उल्लेखनिय रुपमा रहेकाले कर्जा अशुली प्रक्रियालाई चुस्त दुरुस्त गर्नुपर्ने देखिन्छ । एकै व्यक्तिलाई एकै अवधिमा एक भन्दा बढी कर्जा लगानी गर्न रोक लगाउनु पर्ने देखिन्छ ।

- आर्थिक बर्ष २०८०।८१ को असार मसान्तमा संचालक समितिका जम्मा सदस्य संख्या ११ तथा लेखा समितिका जम्मा सदस्य संख्या ३ जना गरि जम्मा १४ जना सदस्यमा, ३ जना सदस्यहरुले रु २४,००,०००.०० एकै अवधिमा कर्जा उपभोग गरेको देखिन्छ ।
- संस्थाले आफ्नो सदस्यहरु लाई कर्जा लगानी गर्दा कर्जा प्रशासनिक शुल्क भनि कुनै शुल्क लिगेको लिखित विवरण हाम्रो जानकारीमा नआएकाले सो सम्वन्धि यकिन गर्न असमर्थ रहेका छौं ।
- संस्थाले निक्षेप संकलन गर्दा ठुला निक्षेपकर्ता भन्दा साना निक्षेपकर्तालाई प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै, गैर सदस्यहरु संगको कारोबार बन्द गर्नुपर्ने देखिन्छ ।
- संस्थाले आफ्नो बचत योजना अर्न्तगत संचालनमा रहेका बचत खाताहरुमा समान रुपमा व्याज प्रदान गर्नुपर्ने देखिन्छ । साथै, सदस्य पासबुक र संस्थामा रहेको सदस्य बचत हिसाब खाता नियमित रुपमा भिडान गरि पासबुक अध्यावदिक गर्नुपर्ने देखिन्छ । एकै बचत योजना अर्न्तगत एकै व्यक्तिको एक भन्दा बढी बचत खाता हरु संचालन नगर्नुपर्ने देखिन्छ ।
- संस्थाले साधारण बचत र आवधिक बचतको व्याजको न्युनतम तथा अधिकतम दरको सालाखाला अन्तर ३ प्रतिशत सम्म राख्नुपर्ने देखिन्छ । साथै, सहकारी विभागबाट तोकिएको सर्न्दभ व्याजदर बार्षिक १६ प्रतिशत को पुर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- २०८१ आषाढ मसान्तमा प्राथमिक शेयर पुँजीको आधारमा ३.३४ गुणा निक्षेप संकलन भएको देखिन्छ,जुन प्राथमिक पुँजि कोषको १५ गुणाको सीमाभित्र रहेको देखिन्छ । यस बर्षको अन्त्यमा कुल बचत तथा बाह्य ऋणको ११८.२५% ऋण लगानी भएको देखिन्छ ।
- २०८१ आषाढ मसान्तमा संस्थाको नाममा अन्य बैंक तथा वित्तिय संस्थाहरुमा रहेको रकमलाई गणना गर्दा संस्थाले २२.२९% तरलता कायम गरेको देखिन्छ ।
- संचालक समिति तथा उप समितिका पदाधिकारी हरुले प्रति बैठक, बैठक भत्ता बापत रु १००० सुविधा प्राप्त गरेको देखिन्छ ।
- संस्थाको लेखा सुपरिवेक्षण समितिको बैठक आवश्यकता अनुसार बसि, ऐनले तोकेको ढांचा अनुसार प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । साथै, त्रैमासिक रुपमा वित्तिय अवस्था तथा सुशासन, आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता र आन्तरिक लेखापरिक्षण गरि संचालक समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।
- संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाई नगद संकलन, भुक्तानी तथा व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।
- संस्थाले सबै किसिमका करयोग्य रकम भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसार तोकिएको दरमा अग्रिम करकट्टी गनुपर्ने देखिन्छ । साथै, व्याज भुक्तानी तथा कर्मचारी तलब भुक्तानीमा अग्रिम करकट्टी भएको रकम आयकर ऐन बमोजिम तोकिएको समयमा कर कार्यालयमा दाखिला गर्नुपर्ने देखिन्छ । संस्थाले आन्तरिक शजश्व कार्यालयको निर्देशन अनुसार अनिवार्य रुपमा अग्रिम करकट्टी विवरण (ETDS) भर्नुपर्ने देखिन्छ ।
- संस्थाले आफुलाई आवश्यक पर्ने बस्तु तथा सामाग्री खरिद गर्न, खरिद समिति गठन गरेको देखिन्छ । सो समितिलाई प्रभावकारि बनाई खरिद संम्वन्धि आधारभुत कागजात हरु जस्तैः खरिद माग फाराम, खरिद आदेश, कोटेशन आव्हान, कोटेशन जाँच गरि खरिद गर्नुपर्ने देखिन्छ ।